# लेखापरीक्षण प्रतिवेदन
# दोलखा
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.२. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ५ |
| | ३.३. सिंचाई विकास डिभिजन | ८ |
| | ३.४. डिभिजन सडक कार्यालय | १० |
| | ३.५. जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.७ | १४ |
| | ३.६. जिल्ला कृषि विकास कार्यालय | १६ |
| | ३.७. जिल्ला शिक्षा कार्यालय | २० |
| | ३.८. जिरी प्राविधिक शिक्षालय | २२ |
| | ३.९. जिल्ला स्वास्थ्य कार्यालय | २५ |
| | ३.१०. मालपोत कार्यालय | ३२ |
| | ३.११. पशु विकास फार्म | ३२ |
| | ३.१२. स्थानीय विकास कोषको सचिवालय | ३३ |
| | ३.१३. जिल्ला विकास समितिको कार्यालय | ३४ |
| ४. | आन्तरिक लेखापरीक्षण | ४३ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ४५ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ४७ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | ४८ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ४९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अवलम्बन गरी अनुसूची १ बमोजिम १४ कार्यालयको विस्तृत र ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.७ अर्ब ६६ करोड ९४ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २१ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ३०९ र रु.२३ करोड १८ लाख ८९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ११ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ६८ दफा र रु.३५ लाख ३ हजार मिलान गरी २१ कार्यालयको दफा २४० र रु.२२ करोड ८३ लाख ८६ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी बांकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.७ लाख २९ हजार र प्रतिक्रियाबाट रु.२७ हजार समेत रु.७ लाख ५६ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.७६ लाख ३६ हजार, अनियमित रु.९ करोड ३३ लाख ४६ हजार र पेश्की रु.१२ करोड ७४ लाख ०४ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **चौमासिक खर्च :** कार्यालयले तोकिए अनुसार चौमासिक खर्च गर्नु पर्नेमा सो नगरी ९ उपशीर्षकमा कूल खर्च रु.७,८७,९३,०००।– भएकोमा प्रथम चौमासिकमा शुन्य प्रतिशत, दोश्रो चौमासिकमा७.४३ प्रतिशतले र तेस्रो चौमासिकमा ९२.५७ प्रतिशत खर्च गरेको छ। २०७३ आषाढ महिनामा मात्र ६७.३९ प्रतिशत खर्च गरेको देखियो । चौमासिक कार्यक्रम र लक्ष्य वमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

२. **वार्षिक कार्यक्रम तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा वजेट तथा कार्यक्रम कार्यान्वयन प्रगतिको समिक्षा गर्नु पर्ने व्यवस्था छ। कार्यालयले पूँजीगत तर्फका ६ उपशीर्षकवाट ६० योजनासंचालन गरेकोमा २ योजनामा २५ प्रतिशत, ५ योजनामा ५० प्रतिशत, ३ योजनामा ७५ प्रतिशत र बाँकी ५० योजनामा ७५ प्रतिशत भन्दा माथी १०० प्रतिशतसम्म प्रगति भएको देखिएको छ ।

३. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयवाट संचालित ४ आयोजनाहरुको रु.१५ करोड ५४ लाख ४५ हजारको मूल लागत अनुमान स्वीकृत गरेको पाइएन । तसर्थ कूल लागत अनुमान स्वीकृत गराएर मात्र योजना संचालन गर्नु पर्ने देखिन्छ ।

४. **ठेक्का व्यवस्थापन :** आाार्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नु पर्ने उल्लेख छ। तर यस कार्यालयले १० ठेक्का मार्फत रु.२ करोड ३७ लाख ६८ हजारको पाइप तथा फिटिङ्गस खरिद कार्य अन्तिम चौमासिकको जेष्ठ र आषाढ महिनामा मात्र गरेको देखियो। यस सम्बन्धमा छलफल गर्दा खानेपानी तथा ढल निकास विभागवाट अख्तियारी ढिला प्राप्त भएकोले खरिद कार्य अन्तिम चौमासिकमा गर्नु परेको कार्यालयले उल्लेख गरेकोछ ।

५. **सिमित प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अर्न्तगत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख भएकोमाकार्यालयले यो वर्ष वोलपत्र तथा शिलवन्दी दरभाउपत्रको माध्यमवाट पाइप तथा फिटिङ्गस खरिद गरेको ११ ठेक्कामा प्रतिस्पर्धा सिमित भइ खरिद कार्य लागत अनुमानकै हाराहारीमा अर्थात लागत अनुमान भन्दा ०.०५ देखि ०.७८ प्रतिशत मात्र घटी रहेको देखियो। यस सम्बन्धमा छलफल गर्दा देशमा लगाइएको नाकावन्दीको कारण निर्माण कार्य गर्न ढीला भएकोले प्रतिस्पर्धा समेत सिमित भएको कार्यालयले उल्लेख गरेकोछ ।

६. **विनियोजित वजेट वेगर खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(घ) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारवाही शुरु गर्न नुहेन उल्लेख भएकोमा कार्यालयले २ खानेपानी योजनाको निर्माण कार्यमा विनियोजित रु.३,२२,८२९।– वजेट भन्दा वढी रकम कार्यालयले व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी खर्च गरेको छ । यसैगरी कार्यालयले २ खानेपानी योजनाहरुको लागि पाईप र फिटिङस कार्यमा वजेट विनियोजननै नभएको अवस्थामा रु.२,९२,४८२।– खर्च गरेको छ ।यस प्रकार खरिद गर्नु नियम सम्मत देखिएन ।

७. **पाइप जडान :** खानेपानी विभागले २०६२।११।८ मा मातहत कार्यालयहरुलाई खानेपानी आयोजनाहरु संचालनका लागि पाईप खरिद कार्य गर्दा गत वर्षको मौज्दात समेत विचार गरी चालु वर्ष गर्नुपर्ने कामका आधारमा खरिद गर्नु पर्ने गरी तोकि दिएको छ । साथै आयोजनाको नाममा खरिद गरिएका पाइप सम्बन्धित योजनामा जडान भए पछि मात्र जिन्सी मौज्दात घटाउनु पर्नेमा कार्यालयले १५ खानेपानी योजनामा जिन्सीवाट खर्च देखाएको पाइपको परीमाण अनुसार जडान नभएकै अवस्थामा रु.२६,१२,११९।– मूल्यको पाईप खर्च देखाएकोले उक्त पाइप जडान भएको स्पष्ट देखिने गरी नापी कितावमा चढाएको प्रमाण पेश हुनुपर्दछ ।

८. **वैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७० अनुसारवोलपत्र मूल्यांकन समितिमा प्रति वैठक रु.१,०००।– मात्र वैठक भत्ता दिन मिल्नेमारु.२,०००।– का दरले वितरण गरेको देखिएकोले ५ कर्मचारीलाईवढी भुक्तानी भएको रु.१,०००।– को दरले रु.५,०००।– असुल गर्नुपर्दछ ।

९. **करकट्टा :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा वापत १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयका एक इन्जिनियरले विभिन्न स्थानमा भएका निर्माण कार्यको निरीक्षण गर्न जाने प्रयोजनको लागिरु.२५,०००।– मा सवारी साधन भाडामा लिएकोमा उक्त भाडा रकममा १० प्रतिशतले हुने रु.२,५००।– कर कट्टी नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

१०. **पाईप र फिटिङ्गस मौज्दात :** खानेपानी विभागले २०६२।११।८ मा मातहत कार्यालयहरुलाई खानेपानी आयोजनाहरु संचालन गर्दा योजनाहरुको नाममा पाइप फिटिङ्गस खरिद गर्दा गत वर्षको मौज्दात र यो वर्ष उपयोग हुन सक्ने आधारमा खरिद गर्नु पर्ने गरी तोकि दिएको छ । कार्यालयले गतवर्षको रु.८८,८७,०००।– मूल्यको पाईप र फिटिङ्गस जिन्सी मौज्दातनै रहेको अवस्थामा पुनः यसवर्ष १,०३,४८,०००।– मूल्यका पाईप र फिटिङ्गस खरिद गरेको छ । खरिद गरेको मध्ये ४१ योजनामा पाईप र ४४ योजनामा फिटिङस समेत मूल्य रु.१,७७,८२,०००।– योजनामा खर्च जनाई बाँकी रु.१,३५,०५,०००।– मूल्यको पाईप र फिटिङस मौज्दात राखेको छ । गत वर्ष मौज्दात परिमाणनै खपत गर्न नसक्ने अवस्थामा पूनः यस वर्ष पाईप र फिटिङ्गस खरिद गरी मौज्दात राखेको कारण विभागले तोकिएको व्यवस्थाको पालना भएको देखिएन । अतः यस प्रकार खरिद मात्र गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११. **ढुवानी लागत सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(ग) मा मालसामानको लागत अनुमान तयार गर्दा अन्य वजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्चलाई पनि ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयवाट यो वर्ष खरिद गरिएका एच.डि.ई.पि. पाइप, जि.आई.पाइप र फिटिङ्गसहरु खरिद गर्न तयार गरेको लागत अनुमानमा कूल लागतको ४ प्रतिशत ढुवानी लागत समावेश गरेको कारण आपूर्तिकर्ताहरुले समेत कवोल अंकको ४ प्रतिशतनै ढुवानी लागत समावेश गरी वोलपत्र तथा दरभाउपत्र पेश गरि ढुवानी रकम भुक्तानी लगेको देखिन्छ ।छनौट गरिएका ५ ठेक्कामा मात्र मूल्य अभिवृद्धि कर वाहेक रु.६,००,०००।– ढुवानी खर्च भुक्तानी भएको छ । कार्यालयले ४ प्रतिशतनै ढुवानी लागत समावेश गरेको आधार तथा पुष्ट्याई पेश गर्न सकेको छैन । यस सम्बन्धमा गत विगतको प्रचलनका आधारमा ढुवानी लागत ४ प्रतिशत राख्ने गरेको कार्यालयको भनाइ रहेतापनि यस सम्बन्धमा स्पष्ट नीति तयार हुनुपर्दछ ।

१२. **कार्यक्रम वेगर खरिद :** वार्षिक कार्यक्रममा स्वीकृत खानेपानी योजनाहरुको लागिमात्र पाईपतथा फिटिङ्गस खरिद गर्नु पर्नेमासंरचना निर्माण तथा ट्रान्समिशन/वितरण पाइपलाइन जडान कार्य

नभएकोदे योजनाको लागि रु.११,९०,०००।– को पाईप र ४ योजनाको लागि रु.५,९९,०००।– को फिटिङ्स खरिद कार्यमा विनियोजित रकम मात्र खर्च गरेको छ । अर्थात निर्माण कार्य नभएको अवस्थामा पाइप तथा फिटिङ्गस मात्र खरिद गरी राख्नु नियमसंमत देखिएन । कार्यक्रम वेगर पाईप फिटिङ्गस मात्र खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१३. **भूकम्प राष्ट्रिय पुनर्निमाण कोष :** यस वर्ष कोषमा रु.१,३१,१७,४११।– निकासा तथा खर्च भएको छ । जस मध्ये ६ खानेपानी उपभोक्ता समितिहरुसंग सम्झौता गरी मूल्य रु.१८,७८,२४३।– मात्र निर्माण कार्यमा खर्च भएको छ । बचत रहेको रु.१,१२,३९,१६८।– मध्ये रु.१,०८,४७,५२८।– पाइप तथा फिटिङ खरिद कार्यमा खर्च भई रु.३,९१,६४०।– कन्टिन्जेन्सी खर्च भएको देखिएको छ ।

## शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा पुराना सामानको मुल्य नखुलाएको, समयमा पेश्की फछ्र्यौट नभएको, कार्यालयको उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिम पहिचान नगरिएको, खरिद इकाई गठन नभएको र कार्यक्रमगत खर्च खाता नराखिएका जस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **भवन निर्माण :** एकनिर्माण व्यवसायीले प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटको भवन निर्माण कार्य २०६८।८।९ सम्ममा सम्पन्न गर्नेगरी २०६७।२।९ मा रु.५,३१,५५,३७४।२८ को सम्झौता गरेको देखिन्छ । निजले उक्त कार्य गरे वापत चौथो तथा अन्तिम विल सम्मवाट रु.६,०७,३६,८११।७२ ( मूल्य अभिवृद्धि कर वाहेक) भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नछन्:-

२.१. निर्माण व्यवसायीको ठेक्का सम्झौतामा विमा वापत प्रोभिजनलसम अर्न्तगत रु.३,६५,७४४।१८ रहेको देखिन्छ । निजलाई विमा वापत अन्तिम विलसम्म रु.३,६५,७४४।१८ मा मूल्य अभिवृद्धि करसमेत रु.४,१३,२९०।९२ भुक्तानी गरेको छ । प्रोभिजनलसम अर्न्तगत विमा रकम भुक्तानी लिन निज निर्माण व्यवसायीले एक इन्स्यूरेन्स कम्पनीको ०८।०७।२०१० को ३ थान विलवाटमूल्य अभिवृद्धि कर समेत रु.३,१२,६६८।६६ को मात्र विल पेश गरेकोले वास्तविक खर्च भन्दा वढी भुक्तानी लगेको विमा वापतको रकम रु.१,००,६२२।२६ असुल हुनुपर्दछ ।

२.२. निज निर्माण व्यवसायीले समयमा कार्य गर्न नसकि म्याद थप माग गरे वमोजिम पटक पटक गरी २०७१।५।३१ सम्म पूर्व निर्धारित क्षतिपूर्ति नलिने र २०७१।६।१ पछि पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने गरी विभागवाट म्याद थप भएको छ ।

विभागवाट पहिलो पटक २०६८।९।२२ को निर्णयमा नै थप भएको अवधी २०६९।७।२८ सम्म निर्माण कार्य सम्पन्न नभएमा उक्त अवधी पछि डिभिजन कार्यालयले अनिवार्य रुपले पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने गरी शिफारिस गर्ने उल्लेख गरी अवधि थप भएको छ । तत् पश्चातका निर्णयमा पनि सोही अनुसार अव उप्रान्त पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने गरी शिफारिस गर्ने गरी म्याद थप भएको देखिन्छ । विभागवाट भएको निर्णयको परिपालना हुनु पर्दछ ।

२.३. विभागवाट २०७१।६।१ पछि पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएको अवस्थामा कार्यालयले उक्त कार्य २०७१।५।१ मै सम्पन्न भएको देखाई विल तयार गरेको देखिएकोले पूर्व निर्धारित क्षतिपूर्ति नलिने उद्देश्य राखेको देखिन्छ । साथै २०७१।५।१ मा सम्पन्न भएको निर्माण कार्यको अन्तिम विलको भुक्तानी सोही अवधी (आर्थिक वर्ष) मा हुनु पर्नेमा यो वर्षको अन्त्य

२०७३।३।२८ मा मात्र चौथो विल वापत मूल्य अभिबृद्धिकर समेत रु.८९,६१,५४५।०४ भुक्तानी भएको छ। यस प्रकार ढिला भुक्तानी हुनु पर्नाको कारण समेत स्पष्ट गरेको छैन।

२.४. **भेरिएसन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा भेरिएसन सम्बन्धी व्यवस्था छ। कार्यालयले उक्त निर्माण कार्यको २०६८।३।२१ मा विभागवाट २.४५ प्रतिशत घटिको २०६९।१०।१ मा डिभिजन कार्यालयवाट ४.७६ प्रतिशत वढीको र विभागीय निर्णयले १४.२६ प्रतिशत वढीको भेरिएसन आदेश जारी पश्चात सम्झौता रकम रु.६,०७,३६,६६८।९५ (मूल्य अभिवृद्धि कर वाहेक) पुगेको देखिन्छ।कार्य गर्नु भन्दा अगाढी भेरिएसन आदेश स्वीकृत गर्नु पर्नेमा काम सम्पन्न भई सकेपछि मात्र भेरिएसन आदेशको लागि पेश गरेकोले पदिय जिम्मेवारी पूरा नगरेको कर्मचारीहरुको नामावली लिई स्पष्ट कारवाही प्रक्रिया ७ दिन भित्र अगाडी वढाउने गरी विभागवाट तेश्रो पटक भेरिएसन आदेश जारी गरेकोमा सम्बन्धित कर्मचारीलाई भएको कारवाही भयो खुल्न आएन।

३. **दोहोरो भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दशलाख रुपैंया भन्दा वढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको विमा गराउनु पर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीसुनखानी स्वास्थ्य चौकी भवन निर्माण कार्य गर्न प्रोभिजनलसम अर्न्तगत विमा रकम माग गरेकोमा निजले एक इन्स्योरेन्स कम्पनीको २ थान विलवाट मूल्य अभिवृद्धि करसमेत रु. १,०५,९५७।८४ को विल पेश गरेकोमा प्रथम रनिङ विल तयार गर्दा उक्त पुरै रकम लाईन आइटममा समावेश गरी पुनःमूल्य अभिवृद्धि कररु.१३,७७४।५१ थप गरी भुक्तानी दिएको देखिएकोले दोहोरो भुक्तानी भएकोमूल्य अभिवृद्धि कर रकम रु.१३,७७४।५१ असुल हुनुपर्दछ।

४. **पेश्की जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिंदा त्यस्तो पेश्की रकम खाम्ने गरी वैंक जमानत लिई पेश्की दिनु पर्ने व्यवस्था भएकोमा६ निर्माण व्यवसायीले निर्माण कार्य गर्न पेश्कीको लागि राखिएको जमानतको अवधी समाप्त भई सकेको अवस्थामा पुनः अवधी थप गरेको देखिएन। साथै पेश्की बाँकी रकम वरावर पेश्की जमानत पेश हुनु पर्नेमा पेश्की जमानत वेगर रु.८७,४७,०००।– पेश्की दिएको छ।

५. **पेश्की कट्टा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीलाई दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विलवाट कट्टा गर्नु पर्नेमा एक निर्माण व्यवसायीसंग २०७०।१२।२७ मा सुन्द्रावती हे.पो निर्माण कार्य गर्न भएको सम्झौताको विशेष शर्त ४९.३ मा प्रत्येक रनिङ्ग विलवाट २० प्रतिशत मोविलाईजेशन पेश्की कट्टी गर्ने उल्लेख भएकोमा निजले यस वर्ष चौथो रनिङ विल रु.१२,१५,४३३।– (मूल्य अभिवृद्धि कर वाहेक) पेश गरेकोमा मोविलाईजेशन पेश्की वापत २० प्रतिशतले हुने रु.२,४३,०८६।६० कट्टी गर्नुपर्नेमा रु.९०,०००।– मात्र पेश्की कट्टी गरी रु.१,५३,०८६।६० निर्माण व्यवसायीलाई थप सुविधा दिएको देखिएकोले सो रकम समेत थप गरी आउँदो विलवाट पेश्की कट्टी गर्नुपर्दछ।

६. **घटी जिम्मेवारी सारेको :** एक निर्माण व्यवसायी सुन्द्रावती हे.पो. भवन निर्माण कार्य गरे वापत चौथो विलसम्ममूल्य अभिवृद्धि कर वाहेक रु.९६,७३,९१५।२४ भुक्तानी लगेको देखिएकोमा निज निर्माण व्यवसायीले प्रथम विलवाटमूल्य अभिवृद्धि कर समेत रु.२२,२६,९८५।१८ भुक्तानी लगेको देखाईमूल्य अभिवृद्धि कर विजक द.नं.३०००९५२८१ मिति २०७१।३।३० मा काटेको (विजक नम्वर फोटोकपिमा नआएको) फाईलसाथ संलग्न छ। तसर्थ निर्माण व्यवसायीले वास्तविक भुक्तानी

लगेको रकम रु.२२,२६,९८५।१८ मा विलमा अ.ल्या गरेको रकम रु.२१,५९,१८५।१८ देखाएकोले भुक्तानी लगि सकेको भन्दा घटी देखाएको रु.६७,८००।– को सम्बन्धमा स्पष्ट गर्नु पर्ने अन्यथा उक्त रकम असुल हुनुपर्दछ ।

७. **भवन निर्माण :** एक निर्माण व्यवसायीसंग स्वास्थ्य चौकी भवन निर्माण कार्य गर्न २०६८।५।१६ मा २०६९।७।१६ सम्म कार्य सम्पन्न गर्ने गरी रु.९७,१०,४७९।२२ (मूल्य अभिवृद्धि कर वाहेक) मा सम्झौता भएको देखिन्छ । निजले सातौं तथा अन्तिम विल सम्मवाट रु. १,००,९९,३२५।८५ (मूल्य अभिवृद्धि कर वाहेक) भुक्तानी लगेकोमा निम्न व्यहोरा देखिएको छः-

७.१. निज निर्माण व्यवसायीले सातौं विलसम्म मूल्य अभिवृद्धि कर वाहेक रु.१,००,९९,३२५।८५ भुक्तानी लगेको पेश भएको नापी किताव तथा विलवाट देखिन्छ । कार्यालयले तयार गरेको कार्य स्वीकार प्रतिवेदनवाट रु.१,००,९४,०७५।– मात्रको कार्य भएको देखाएकोले फरक रकम रु.५,२५०।– असुल हुनुपर्दछ ।

७.२. निज निर्माण व्यवसायीले विभिन्न कारण देखाई सम्झौताको अवधी भित्र निर्माण कार्य सम्पन्न गर्न नसकिएको भनि २०७१।१।२ मा तेश्रो पटक २०७२।१।१२ सम्म म्याद थप माग गरेकोमा विभागवाट २०७१।१२।१२ सम्म पूर्व निर्धारित क्षतिपूर्ति नलगाउने र २०७२।१।१२ सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी २०७१।३।३१ मा विभागवाट म्याद थप भएको छ । विभागको २०७१।१।७ को निर्णयवाटै म्याद थप भएको अवधी २०७१।१।१२ पछि पूर्व निर्धारित क्षेतिपूर्ति लिने गरी निर्णय भै सकेको अवस्थामा पुनः विभागवाटै सो अवधी पछि पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप हुनु उचित होईन । साथै कार्यालयले तयार गरेको अन्तिम विलमा पूर्व निर्धारित क्षतिपूर्ति नलिने उद्देश्यवाट कार्य सकिएको अवधी २०७१।१२।४ देखाइएको छ । तर उक्त अवधीमा सम्पन्न भएको निर्माण कार्यको भुक्तानी लामो समयसम्म नभई रहनुको कारण समेत स्पष्ट  छैन ।

८. **जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) अनुसारको जमानत पेश गरेपछि मात्र पेश्की उपलव्ध गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयवाट सेड इम्प्रुभमेन्ट एण्ड साइडड्रेन निर्माण कार्य गर्ने निर्माण व्यवसायीले रा.वा. वैंक चरिकोट शाखाको २०७३।१।२३ को परफरमेन्स वण्ड जमानी नं.५२/२७५ को रु.२,४४,५००।– को म्याद २०७३।३।३१ सम्म भएको पेश गरी रु. २,४४,०००।– पेश्की लगेको देखियो । उक्त परफरमेन्स वण्ड निर्माण कार्यको सम्झौता गर्ने प्रयोजनको लागि मात्र लागु हुने हुँदा निजले पेश्की जमानतनै पेश गर्नुपर्दछ ।

९. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था रहेकोछ । जस अनुसार कार्यालयले यस वर्ष तीन उप शीर्षकवाट ३ निर्माण व्यवसायीको नाममा दिएको रु.६६,६४,९००।–पेश्की हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

१०. **प्रमाण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई समेतको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयलेआवास व्यवस्थापन कार्यक्रम अर्न्तगत लोपोन्मुख जाती सुरेल ६ परिवारलाई प्रति परिवार रु.२,३३,७२०।– का दरले घर निर्माण अनुदान दिने गरी सम्झौता भएको छ । घर निर्माणमा जगको कार्य सम्पन्न भएपछि २५ प्रतिशतले हुने रु.५८४३०।– प्रति परिवारको दरले दिने गरि सम्झौता भए अनुसार यस वर्ष रु. ३,५०,५८०।– खर्च लेखेको छ । उक्त रकम सुरेल परिवारका एक सदस्य र डिभिजन कार्यालयका इन्जिनियरको संयुक्त खातावाट संचालन गर्ने गरी वैंक जम्मा भएकोमा तर उक्त रकम सम्बन्धितले प्राप्त गरेको वा घर निर्माण भएको प्रमाण स्रेस्तासाथ संलग्न छैन

## सिंचाई विकास डिभिजन कार्यालय

१. **चौमासिक खर्च :** कार्यालयले पुर्व स्वीकृत कार्यक्रम अनुसार योजना सञ्चालन गरी सो अनुसार बजेट खर्च गर्नु पर्दछ। कार्यालयले यस वर्ष पूँजिगत तर्फ ६ उपशीर्षकमा कूल रु.९,८९,६७,०००।– खर्च गरेको मध्ये प्रथम, दोस्रो र तेस्रो चौमासिकमा क्रमशः ५.१९, ७.५२, ८७.२८ प्रतिशत खर्च गरेको छ भने आषाढ महिनामा मात्र ५४.४७ प्रतिशत खर्च गरेको छ।

यसरी तेस्रो चौमासिक र आषाढमा वढी खर्च भएको देखिएकोले आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने गरेवाट कामको गुणस्तरमा असर पर्न सक्दछ। अतः चौमासिक कार्यक्रम र लक्ष्य बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

२. **ठेक्का प्रतिस्पर्धाको स्थिति :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ (१) अनुसार कार्याविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने व्यवस्था छ। यो बर्ष ७ ठेक्काको लागि बोलपत्र आह्वान गर्दा २२ फारम विकी भएकोमा सवै प्रस्ताव दर्ता भएको छ। त्यस्तै ७ बटा ठेक्काको कुल लागत अनुमान रु.७ करोड ६७ लाख ५४ हजार रहेकोमा रु. ५ करोड ७ लाख १ हजार अर्थात कुल लागत अनुमानको तुलनामा ३३.९४ प्रतिशत घटिमा प्रस्ताव परेको छ।

३. **लक्ष्य प्रगति :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्रगति विवरण प्राप्त गरी तालुक कार्यालय प्रमुखले कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाई दिने र केही निर्देशन भए दिनुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको प्रगति विवरण अनुसार यो बर्ष ३ उपशीर्षकमा तोकिएको वार्षिक कार्यक्रममा क्रमशः ६६.५२, ८०.०५ र ८५.८३ प्रतिशत प्रगति हासिल भएको छ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन माथि तोकिएको अवधिभित्र मर्मत सम्भार वा लिलाम बिक्रीको कारवाही नभएको, निर्माणकार्यसँग सम्बन्धित ठेक्का अभिलेख (म.ले.प.फा.नं.१९०) आइटमवाइज कार्य अभिलेख खाता, नापी नियन्त्रण खाता, राजश्व तर्फका रसिद नियन्त्रण खाता नराखेको, सार्वजनिक निर्माण तर्फ खरिद योजना तयार गरे तापनि कन्टिन्जेन्सी रकमबाट हुने खरिदको योजना तयार नगरेकोजस्ता कमिकमजोरी देखिएकाछन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ

५. **उपभोक्ता समिति :** कार्यालयले गत वर्षवाट संचालन गरेको ३ सिंचाई योजनाहरुमा यस वर्षसम्म रु.५,३६,४१,०००।– (मू.अ.कर वाहेक) ठेक्का मार्फत रु.२ करोड २० लाख २७ हजार उपभोक्ता समिति मार्फत खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसारछन्:-

५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले रु.२० लाख रुपैंया वढी लागत अनुमान भएको निर्माण कार्य गराउंदा वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले वुढाथोकी कुलो सिंचाई योजना निर्माण कार्य गर्न एक निर्माण सेवासंग २०७१।११।४ मा १५ महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा छैंठौ विल सम्म कूल रु.२,२५,३५,१०९।– (मूल्य अभिवृद्धि कर वाहेक) भुक्तानी भईसकेको नापी किताव तथा रनिङ विलवाट देखिन्छ। तर यस वर्ष पेश भएको छैठौं विलसम्मको अध्यावधिक कार्य रु. २,२४,६५,९९९।– मात्र भएको देखाएकोले वास्तविक भईसकेको भुक्तानी भन्दा घटि भुक्तानी देखाएको रु.६९,११०।–

र मूल्य अभिवृद्धि कर रु.८,९८४।३० समेत रु.७८,०९४।३० मा प्रथम रनिङ विलवाट वढी भुक्तानी भएको रु.४१,५८४।– तेश्रो विलवाट कट्टी भएकोले बाँकी रहेको रकम रु.३६,५१०।३० असुल हुनुपर्दछ ।

५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा तोकिए वमोजिम अवधि थप गर्न सकिने व्यवस्था गरेको छ । डिभिजनले३ निर्माण व्यवसायीवाट निर्माण कार्य भएका तीन सिंचाई योजनाहरु राजकूलो सिंचाई योजना, पूवाखोला सिंचाई योजना र शेलुङ्गेफेदी सिंचाई योजना निर्माण कार्यको सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अवधि क्रमशः २०७३।२।१७, २०७३।२।१७ र २०७२।६।१८ सम्म रहेकोमा सम्झौता अवधि समाप्त भई शुरु ६ महिनाको अवधि थप कार्यालयवाटै भएको र त्यस पछि म्याद थपको लागि फाईल विभागमा पठाएको भनि कार्यालयवाट शुरु म्याद थप गरेको फाइल समेत लेखापरीक्षणको लागि पेश हुन आएन ।

६. **एउटै दरको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायको निर्माण कार्य गर्दा निर्माण सम्बन्धी नर्म्स वमोजिम गर्नुपर्ने र सोही नियमको उपनियम ७ अनुसार निर्माण कार्यको लागत अनुमान अनुसूची १ को ढांचामा तयार गर्नु पर्ने उल्लेख छ । यस कार्यालयले तयार गरेकोलागत अनुमानमा सिंचाई योजनाहरुको नहर निर्माणको लागि माटो खन्ने कार्यमा पूरै परिमाण ग्राभेल तथा वोल्डर मिसिएको माटोको दर प्रति घ.मि रु.५६०।३२ लगाई लागत अनुमान तयार गरेको छ । कुनै पनि योजनामा नरम माटोको परिमाणको हुने दर देखाएको छैन । अर्थात सवै माटो ग्राभेल तथा वोल्डर मिसिएको मात्र हुन्छ भन्ने आधारमा लागत आनुमान तयार गरी उपभोक्ता समितिवाट कार्य गराएको छ। जुन यथार्थ हुन सक्ने देखिंदैन । यस सम्बन्धमा छलफल गर्दा आगामी दिनमा सुधार गरिने कार्यालयको भनाई रहेको छ ।

७. **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ११ मा खरिद सम्झौता सम्बन्धी व्यवस्था छ । कार्यालयले फुलेक सिंचाई योजना उपभोक्ता समितिसंग मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा (सिमेन्ट, डण्डी जस्ता सामान) खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर वापतको रकम भुक्तानी दिने गरी सम्झौता भएको छ । सम्बन्धित उपभोक्ता समितिले मूल्य अभिवृद्धि कर वापतको रकम दावी गर्दा मूल्य अभिवृद्धि कर विजक पेश गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त उपभोक्ता समितिले रु.१,१९,७५०।७७ मात्र मूल्य अभिवृद्धि कर तिरेको विजक पेश गरेकोमा रु.१,२४,६०२।– मूल्य अभिवृद्धि कर रकम भुक्तानी दिएकोले तिरेको भन्दा वढी भुक्तानी भएको रु.४,८५१।२३ असुल हुनुपर्दछ ।

८. **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा ६० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायवाट गराउन सकिने उल्लेख छ । त्यस्तो सम्झौतामा निर्माण कार्य वा सेवाको प्रकृति परिमाण लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्नु पर्ने अंश रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयवाट ३ सिंचाई उपभोक्तासंगभएको सम्झौतामा उपरोक्त अनुसारको व्यहोरा उल्लेख गर्ने गरेको देखिएन ।

९. **ठेक्का व्यबस्था :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्विकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गर्नुपर्ने व्यबस्था छ । तर कार्यालयले उपलव्ध गराएको विवरण अनुसार ठेक्का व्यवस्था सम्बन्धी कार्य प्रथम चौमासिक

अवधिमा सम्पन्न नगरी कार्यालयले ६ वटै निर्माण कार्यको ठेक्का सम्झौता तेश्रो चौमासिकमा मात्र गरेको देखियो । प्रचलित नियमको पालना गर्नु पर्दछ ।

१०. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले यस वर्ष ६ निर्माण व्यवसायीको नाममा दिएको पेश्की रु.१,००,२०,०००।– हालसम्मफछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

११. **वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने शिलसिलामा कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृती लिई लागत नबढ्नेगरी त्यस्तो कार्यक्रम आवश्यक संशोधन गर्न सकिने व्यवस्था छ । कार्यालयले नयाँ प्रविधिमा आधारित आयोजना अर्न्तगतका ४ सिंचाई आयोजनाहरुमा कार्यक्रम संशोधन नगरी छुट्याइएको वजेट भन्दा वढी हुने गरी कार्य गराई रु.१०,३५,६९४।– वढी भुक्तानी खर्च लेखेको नियमसंमत देखिएन ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार तोकिएको अवधीमा मर्मत सम्भार वा लिलाम बिक्रीको कारवाही नभएको, सार्वजनिक निर्माण तर्फ खरिद योजना तयार गरे तापनि कन्टिन्जेन्सी रकमबाट हुने खरिदको योजना तयार नगरेको,रसिद नियन्त्रण खाता व्यवस्थित रुपमा नराखेको जस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **योजना तयारी र स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयले यस बर्ष विभिन्न बजेट उपशिर्षक अन्तर्गत रु.८९,७३,६३,०००।–को ९४ वटा ठेक्का सम्झौता गरेको देखिन्छ । आयोजना छनौट गर्दा मागमा आधारित भई कार्यालयबाट सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक र वातावरणीय उपयुक्तताको आधारमा पेश हुने नभई केन्द्रबाट निर्णय भई कार्यान्वयनका लागि मात्र डिभिजनमा पठाउने प्रचलन रहेको छ । यो बर्ष र आगामी बर्षको लागि समेत सम्भाव्यता अध्ययन भएको देखिएन ।यसरी आयोजनाको सम्भाव्यता अध्ययन विना छनौट हुने आयोजना दिगो, प्रभावकारी र जनताले अपनत्व गर्ने खालको नहुने सम्भावना रहन्छ । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्ने देखिन्छ ।

३. **चौमासिक खर्च :** कार्यालयले पुर्व स्वीकृत कार्यक्रम अनूसार योजना सञ्चालन गरी सो अनूसार बजेट खर्च गर्नुपर्दछ । कार्यालयबाट भएको चौमासिक खर्च स्थिति अनुसार पूँजिगत तर्फ कूल रु.४४,३४,६९,०००।– खर्च भएको मध्ये प्रथम चौमासिकमा ४.३०, दोस्रो चौमासिकमा७.८१ र तेस्रो चौमासिकमा ८७.८४ प्रतिशत खर्च भएको छ । आषाढमा मात्र ५६.२२ प्रतिशत खर्च भएको छ । अतः चौमासिकगत रुपमा खर्च गर्नुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति :** स्वीकृत वार्षिक लक्ष्य अनुसार प्रगति हासिल हुनु पर्दछ । कार्यालयले पेश गरेको वार्षिक प्रगति प्रतिवेदन अनुसार यो वर्ष ११ बजेट उपशिर्षकका रु.५८,४६,७५,०००।– का १२२ वटा कार्यक्रम सञ्चालनमा रहेकोमध्ये २५ वटा कार्यक्रममा शुन्य प्रतिशत,६ वटा कार्यक्रममा

२५ प्रतिशतसम्म,८ वटा कार्यक्रममा २५ देखि ५० प्रतिशतसम्म, १६ वटा कार्यक्रममा ५० देखि ८० प्रतिशतसम्म र ६७ वटा कार्यक्रममा ८० प्रतिशत भन्दा बढी प्रगति भएको छ ।

५. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६८ को नियम २० (३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गनुपर्ने उल्लेख भएकोमा कार्यालयले यस बर्षका ९४ ठेक्का मध्ये प्रथम चौमासिकमा कुनै ठेक्का व्यवस्था गरेको पाइएन । दोस्रो चौमासिकमा १५ र तेस्रो चौमासिकमा ७५ ठेक्का व्यवस्था गरेको छ । समयमा ठेक्का व्यवस्था नगरेकोले योजनाको लागि विनियोजन भएको बजेट मध्ये रु.९,४१,५०,०००।– मोविलाईजेशनमा खर्च भएको छ भने बाँकी बजेट खर्च हुन सकेको छैन ।

६. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान अनुसूची–१ को ढाँचामा तयार गरी कूल लागत अनुमान रकमको २.५ प्रतिशत वर्कचार्ज, स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च कन्टिन्जेन्सी खर्च समावेश गर्नु पर्ने उल्लेख छ। कार्यालयले यस वर्ष १० उप शीर्षकहरुमा रु.२,३८,३२,०००।– कन्टिन्जेन्सी खर्च लेखेको छ। कन्टिन्जेन्सीमा भएको खर्च आर्थिक संकेत तथा खर्चको बर्गीकरणसंग मेल नखाएको, सुपरभाईजरको योग्यता तथा नमर्स स्पष्ट नभएको तथा कामको परीमाण देखिने अभिलेख नरहेको जस्ता व्यहोरा उल्लेख गरी सुधारको लागि गत विगत वर्षमा सुझाव दिएकोमा समेत सुधार भएको पाईएन । त्यसैगरी यो बर्ष ७८ करोड ७४ लाख ९९ हजार वजेट विनियोजन भएकोमा वहुवर्षिय ठेक्का समेतको लागत अनुमानको आधारमा ६ करोड १ लाख ३२ हजार कन्टिन्जेन्सी खर्च गर्न पाउने गरी गणना गरेको देखिएकोले लागत अनुमान तथा विनियोजित वजेट तथा खर्चको आधारमा गणना गर्दा ठुलो अन्तर पर्ने देखिन्छ । अतःकन्टिन्जेन्सी रकमको सिमा खर्चको आधारमा गर्नु पर्ने देखिएको छ ।

७. **पूर्व निर्धारित क्षतिपूर्ति :** निर्माण व्यवसायीसंग चाङ्गे खोलामा ४८ मि. लामो २ स्प्यानको आर.सि.सि. पूल निर्माण कार्य २०६९।३।२९ सम्ममा सम्पन्न गर्ने गरी २०६७।३।२९ मा सम्झौता भएकोमा निजले विभिन्न कारण देखाई पटक पटक म्याद थप माग गरेकोमा तेश्रो पटकको म्याद थप अवधी २०७१।९।२९ सम्म रहेकोमा चौथो पटकको म्याद थपको लागि २०७१।९।२३ अगाडी ( ७ दिन) निवेदन दिई सक्नु पर्नेमा सो नगरी २०७१।९।२८ मा मात्र निवेदन पेश गरेकोले ढीला निवेदन दिएको ६ दिनको पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी विभागवाट २०७३।३।२६ को निर्णयले २०७३ असोज मसान्तसम्म म्याद थप भएको देखिन्छ । तर निजलाई यस वर्ष मूल्य अभिवृद्धि कर समेत रु. ३०,०९,४१०।– भुक्तानी दिंदा पूर्व निर्धारित क्षतिपूर्ति लिएको देखिएन । तसर्थ सम्झौता रकम रु.१,८७,६१,३४०।१२ को दैनिक ०.०५ प्रतिशतका दरले ६ दिनको हुने रु. ५६,२८४।०२ पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

यसैगरी जिरी सल्लेरी ढिङ्गी तिव्बत सडकमा ढुंगा, माटो, रिटेनिङ्गवाल कजवे तथा कल्भर्ट निर्माण सम्बन्धी कार्य गर्नेएक निर्माण व्यवसायीसंग तोकिएको समयमा काम सम्पन्न हुन नसकेको कारण जनाई २०७२।२।३१ मा म्याद थपको लागि कार्यालयमा दर्ता गराएकोमा ७दिन ढिलो निवेदन गरेको भनि २०७३।१।१७ को निर्णयले ७ दिनको पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी २०७२।८।२९ सम्म कार्यालयवाट र २०७३।२।३२ सम्म २०७३।२।१६ को निर्णयले महानिर्देशकवाट म्याद थप भएकोमा७ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.३३,५६७।– असुल गरेको पाइएन ।

८. **वीमा भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाख रुपैंया भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च वापत विमा गराउनु पर्ने उल्लेख छ । त्यस्तो विमा निर्माण कार्य प्रारम्भ गर्नु अगावै गराउनु पर्नेमाएक निर्माण व्यवसायीले कार्य सम्पन्न गरी सकेपछि भुक्तानी लिनको लागि मात्र २०७३।२।२४ मा सगरमाथा इन्स्यूरेन्स कम्पनीको विमा रसिद रु.३,७५२।– को पेश गरी वोलपत्रमा उल्लेख गरे अनुसार रु.२५,०००।– विमा वापतको रकम भुक्तानी लगेको देखियो । विड डकुमेन्ट तथा सम्झौता अनुसार यस प्रकार भुक्तानी लिन मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनु पर्दछ ।

९. **जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा वोलपत्र स्वीकृत र सम्झौता गर्ने व्यवस्था छ । कायालयले ३ निर्माण कार्यको एक निर्माण व्यवसायीसंगरु.९,२६,१८,३४८।– को वोलपत्र स्वीकृत गरि खरिद सम्झौता गर्न आउने पत्र निजले २०७२।२।३२ मा बुझेको देखिन्छ । निज निर्माण व्यवसायीले नियममा व्यवस्था भए अनुसार १५ दिन भित्र सम्झौता गर्न नआएको अवस्थामा कार्यालयले निजले राखेको वोलपत्र जमानत रु.५५,००,०००।– (३ वटाकै) जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनत्तम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही ३ वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नुपर्नेमा सो नगरी २०७२।१०।१७ मा मात्र अर्को एक निर्माण व्यवसायीसंग २०७४।१०।६ सम्ममा कार्य सम्पन्न गर्ने गरी ढिला सम्झौता गरेको देखियो । नियममा व्यवस्था भए अनुसार समयमै निजको वोलपत्र जमानी जफत गरी दोश्रो घटिवाला वोलपत्र रु.९,६०,२५,५९७।५२ स्वीकृत गर्दा निजको कवोल अंक भन्दा रु. ३४,०७,२९४।५२ वढीमा खरिद सम्झौता गर्नु पर्ने अवस्था देखिएतापनि निजको वोलपत्र जमानी रु.५५,००,०००।– जफत गरेको अवस्थामा नेपाल सरकारलाई रु.२०,९२,७५०।४८ फाईदा हुनेमा सो भए गरेको देखिएन ।

यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा वैंक जमानत लिई मात्र निर्माण कार्यको लागि पेश्की दिनुपर्ने व्यवस्था छ । कार्यालयले गत विगतको १३ निर्माण व्यवसायीलाई मोविलाइजेशन वापत रु.६,१८,७२,१३१।– पेश्की दिंदा वाणिज्य वैंकवाट जारी भएको पेश्की जमानतको म्याद सकिएकोमा थप भएको देखिएन । जसको कारण उक्त रकम जोखिममा पर्न गई नेपाल सरकारलाई हानी पुग्ने देखिएको छ । यस तर्फ कार्यालयले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **अधुरो कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले रु.२० लाख रुपैया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य वोलपत्रको माध्यमवाट गराउनु पर्ने व्यवस्था छ । जुरे ल्याण्डसाईडमा कन्स्ट्रक्सन एण्ड रिहाविलिटेसनमा कार्य गर्नको लागि लागत अनुमान रु.१०,६०,९९,९३१।४० (मूल्य अभिवृद्धि कर वाहेक) तयार गरी वोलपत्रको सूचना प्रकाशन गरेकोमा घटीवाला एक निर्माण व्यवसायीको रु.६,४९,७९३।६४ (मूल्य अभिवृद्धि कर वाहेक) को ( ३८.७८ प्रतिशत घटी) वोल अंक स्वीकृत गरी उक्त कार्य २०७२।९।३० सम्ममा सम्पन्न गर्ने गरी २०७२।३।६ मा सम्झौता भएकोमा निज निर्माण व्यवसायीले सम्झौताको अवधी भित्र (मूल्य अभिवृद्धि कर वाहेक) को प्रथम रनिङ विलवाट रु.३१,८३,७४३।५० (मूल्य अभिवृद्धि कर वाहेक) भुक्तानी भएको छ ।सम्झौताको अवधी २०७२।९।३० पश्चात निज निर्माण व्यवसायीको अवधी थप भएको छैन भने कार्य समेत गरेको देखिएन । पहिरो सफा गर्ने जस्तो कार्य समेत समयमा नगर्ने निर्माण व्यवसायीलाई कार्यालयवाट कुनै कारवाही समेत भएको देखिएन ।

११. **ठेक्का म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सक्ने व्यवस्था छ । जस अनुसार निर्माण व्यवसायीले अरनिको लोकमार्गमा ल्याण्ड

स्लाईडको कार्य गर्नको लागि २०७२।९।३० सम्ममा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजले उक्त कार्य समयमा सम्पन्न गर्न नसकेको भनि निवेदन दिएको आधारमा कार्यालयवाट २०७३।३।२५ सम्म म्याद थप भएको छ । निज निर्माण व्यवसायीले २०७३।३।१६ मा वर्षाद, नाकावन्दी जस्ता कारण देखाई अवधी थप माग गरेकोमा २०७३।१२।३० सम्म विभागवाट अवधी थप भएको छ । पहिरो सफा गर्ने जस्तो कार्यमा पनि पटक पटक म्याद थप हुनु र म्यादथप गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई गर्ने गरेको कारण पनि निर्माण व्यवसायीले समयमा कार्य गर्ने गरेको देखिएन । तसर्थ यसमा सुधार हुनुपर्दछ ।

१२. **मूल्य अभिवृद्धिकर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको अवस्थामा वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनु पर्ने व्यवस्था छ । विमटारसिपाघाट मेलम्ची रोड्स इन्द्रावती करीडोर सिन्धुपाल्चोकको कार्य गरे वापत एक प्रा.लि.लाईमूल्य अभिवृद्धि कर विजक पेश नगरेकै अवस्थामा कार्यालयले रु.९,६६,९९३।१३ मूल्य अभिवृद्धि कर रकम समेत रु.८४,०५,४०१।८५ भुक्तानी दिएको देखियो । तर निजले विजक नं.४६ को २०७३।२।३१ मा मात्र एक महिना ढिला गरी कर विजक उपलव्ध गराएको स्रेस्तासाथ संलग्न कर विजकवाट देखिन्छ । यस प्रकार भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । अतः सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कररु.९,६६,९९३।१३ समायोजन गरेको विवरण पेश हुनुपर्दछ ।

१३. **बिज्ञापन/सुचनामा छुट :** गोरखापत्र संस्थानले २०७०।४।२३ मा संस्थानका सबै प्रकाशनहरुवाट प्रकाशित हुने बिज्ञापनहरुमा सरकारीको हकमा २५ प्रतिशत सम्म छुट दिने नितिगत व्यवस्था गरेको छ । जस अनुसार कान्तिपुर, नागरिक, समाचारपत्र जस्ता दैनिक प्रकाशनले समेत सरकारी बिज्ञापनमा निश्चित प्रतिशत छुट दिने गरेको देखिन्छ । कार्यालयवाट विज्ञापन एजेन्सीहरु मार्फत सूचना तथा विज्ञापन प्रकाशन गर्दा मूल्यमा छुट लिएको देखिएन ।

१४. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५८ र ५(क) वमोजिमको ढांचामा कर विजक दिनुपर्ने व्यवस्था छ । दुई निर्माण व्यवसायीले रितपूर्वकको मूल्य अभिवृद्धि कर विजक जारी नगरेको अवस्थामा समेतमूल्य अभिवृद्धि कर भुक्तानी दिएको पाइयो । रितपूर्वक जारी नगरेको विजकवाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम रु.६४,१४७– समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१५. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले यस वर्ष १७ निर्माण व्यवसायीको नाममा दिएको पेश्की रकम रु.९,४१,५०,०००।– हालसम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

१६. **वढी भुक्तानी :** कर्मचारीलाई निजको पाकेको दिनको दोहोरो नपर्ने गरी तलव भत्ता भुक्तानी हुनु पर्दछ । तर ताप्लेजुङवाट सरुवा भै आएका एक इन्जिनियरलाई २०७२।६।१० सम्मको तलव भत्ता साविक कार्यालयवाट भुक्तानी भईसकेको रमाना पत्रमा उल्लेख भएकोमा निजलाई २० दिनको तलव भत्ता वापत रु.१४,४९०।– मात्र दिनु पर्नेमा रु.१७,३८८।८० र स्थानीय भत्ता र क.संकोष थप रु. २१७– समेत रु.३,११६।–वढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्दछ ।

# जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय

१. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधीमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । तर जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले २०७३।१।२० मा मात्र वार्षिक कार्यक्रम तथा थप वजेट रु.१०,६०,००,०००।– पठाएको कारण कार्यालयले सिन्धुपाल्चोक जिल्लाको विभिन्न स्थानहरुमा नदि नियन्त्रण, वाढी पहिरो पुन स्थापना अन्तरगत नदी नियन्त्रण तथा पहिरो व्यवस्थापनको लागि तोकिएको ७१ वटा निर्माण कार्यको (रु.२० लाख भन्दा कम लागत भएका) निर्माण कार्य गर्न तेश्रो चौमासिक अर्थात २०७३।१।२९ मा एकमुष्ट (७१ वटा) शिलवन्दी दरभाउपत्र माग गरि निर्माण कार्य गरेको देखिन्छ । त्यसैगरी ३७ वटा आयोजना (लागत अनुमान ५ लाख भन्दा कम भएका) को निर्माण कार्यको सिधै ३ वटा दरभाउपत्र माग गरी घटीवालासंग कार्य गराएको छ । यस प्रकार कार्य गराउँदा काममा हतारोपना हुनाको साथै गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्ने हुन्छ । तसर्थ यस प्रकार वार्षिक कार्यक्रम स्वीकृत गरि ढिला अख्तियारी पठाउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

२. **दरभाउ पत्र विक्री र दर्ताको अनुपात** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. २० लाख सम्मको निर्माण कार्य शिलवन्दी दरभाउपत्रवाट गराउनु पर्ने व्यवस्था छ । जस अनुसार कार्यालयले सिन्धुपाल्चोक जिल्लाको विभिन्न स्थानहरुमा वाढी पहिरो पुनःस्थापना अर्न्तगत नदि नियन्त्रण तथा पहिरो व्यवस्थापनको लागि एकमुष्ट ७१ योजनाको लागि २०७३।१।२९ मा शिलवन्दी दरभाउ पत्र माग गरेकोमा ११९२ दरभाउपत्र विक्री भएकोमा २२२ वटा मात्र दरभाउ पत्र दर्ता भएको देखिएको छ । दरभाउपत्र विक्री संख्या ११९२ को अनुपातमा दरभाउपत्र दर्ता संख्या २२२ मात्र भएकोले दर्ता अनुपात १८.६२ रहेको छ ।

३. **सिमिति प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी कार्य गराउनु हुंदैन भन्ने व्यवस्था छ । तर कार्यालयलेस्वीकृत वार्षिक कार्यक्रम वमोजिम रु.२० लाख भन्दा कमका ७१ वटा र ५ लाख भन्दा कमका ३७ वटा गरी १०८ योजनाको लागि रु.१०,६०,००,०००।– पठाएकोमा ७१ योजना शिलवन्दी दरभाउपत्र ३७ योजनामा सिधै दरभाउपत्रद्धारा निर्माण कार्य गराउंदा रु.८,०२,७७,७८७।८८ खर्च भएको छ । यसरी शिलवन्दी दरभाउपत्रद्धारा कार्य गराउंदा प्रतिस्पर्धा सिमित भई लागत अनुमानको तुलनामा ०.३५ प्रतिशतसम्म घटिमा निर्माण कार्य भएको छ ।

४. **दर रेट निर्धारण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्ला भरि वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारी अध्यक्ष र स्थानीय विकास अधिकारी, प्रमुख कोष तथा लेखा नियन्त्रक कार्यालय, जि.वि.स.ले तोकेको एक सदस्य, प्रतिनिधी नेपाल निर्माण व्यवसायी महासंघ, प्रतिनिधी उद्योग वाणिज्य संघ सदस्य तथा प्रमुख जिल्ला प्राविधिक कार्यालय सदस्य सचिव रहने गरी ७ सदस्यीय दररेट निर्धारण समितिको व्यवस्था गरेको छ । उक्त समितिले प्रत्येक वर्ष आफ्नो जिल्ला भित्रका निर्माण सामाग्रीको दररेट निर्धारण गर्ने कार्य गरेको हुन्छ । आफ्नो जिल्लामा उपलब्ध नहुने निर्माण सामाग्रीको दररेट निर्धारण गर्दा छिमेकका जिल्लाहरुसंग समन्वय गर्नु पर्नेमा समन्वयको अभावमा नजिकका जिल्लाहरुले तोकेको निर्माण सामाग्रीको दररेट फरक फरक भएको देखिएको छ । जसवाट निर्माण कार्यमा समेत प्रतिकूल असर पर्न जाने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् -

४.१. यस डिभिजन कार्यालयको कार्य क्षेत्र भित्र ३ जिल्लाहरु दोलखा, रामेछाप र सिन्धुपाल्चोक रहेको छ । यस डिभिजनवाट हुने नदि, पहिरो नियन्त्रण कार्यको लागि सवै जिल्लामा अत्यधिक मात्रामा तार जाली आवश्यक पर्ने देखिन्छ । तार जाली (कर्मसियल) को जिल्ला दररेट अनुसार दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा प्रति के.जी क्रमश ८३, ८३ र ८६ रहेको छ । जस अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट अनुसारनै दोलखा, रामेछाप र सिन्धुपाल्चोकमा क्रमश ८३, ८३ र ८६ ले वनाएको देखिएको छ ।

४.२. सम्बन्धित जिल्लाका उपभोक्ता समितिसंग कार्यालयले निर्माण कार्य गराउँदा जिल्लागत दररेट समावेश गरेको छ । यस डिभिजन कार्यालय अर्न्तगत ३ वटै जिल्लामा तारजाली उद्योग वा व्यवसायी नरहेको कारण तारजाली खरिद गर्न नजिकको स्थान सूर्य विनायक भक्तपुर वा काठमाडौवाट खरिद गरी निर्माण कार्य भएको देखिएको छ । यसरी एकै समयमा एउटै व्यवसायीले दोलखा र रामेछापका उपभोक्तालाई रु.८३।– र सिन्धुपाल्चोकका उपभोक्तालाई रु.८६।– प्रति के.जी मा विल तयार गरेको देखिएको छ । जसको कारण तारजालीको वास्तविक मूल्य दर कति हो निश्चित गर्न सकिने अवस्था देखिएन । तसर्थ डिभिजन कार्यालयले समेत जिल्ला दररेट समिति मार्फत एकै मूल्य कायम गराउन पहल गर्नुपर्दछ ।

५. **तारजाली खरिद सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा दशलाख रुपैंयासम्म लागत अनुमान भएको मालसामानको अन्य सेवा सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । जस अनुसार कार्यालयले आवश्यक ५५० वटा १० गेजको मेस साईज१५० सेमीको तार जाली खरिद गर्न मूल्य अविवृद्धि कर समेत रु. ९,५५,८४२।६२ को लागत अनुमान तयार गरी २०७३।१।१९ मा दरभाउपत्रको सूचना प्रकाशित गरेकोमा १ मात्र दरभाउपत्र दर्ता भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(३क) वमोजिम २०७३।२।६ मा दोश्रो पटक सूचना प्रकाशित गरेको देखियो । उक्त सूचनाको म्याद भित्र ३ थान दरभाउपत्र दर्ता भएकोमा घटीवाला एक निर्माण व्यवसायीको मूल्य अभिवृद्धि कर समेत रु.९,५४,४९९।५९ को दरभाउपत्र स्वीकृत गरी २०७३।३।२५ भित्र पूरै परिमाण आपूर्ति गरि सक्ने गरी सम्झौता भएकोमा सम्झौताको अवधी भित्र उक्त कार्यसम्पन्न गर्न नसकिएको कारण आपूर्तकको माग अनुसार कार्यालयले सोही मितिमा २.५ महिना (२०७३।६।६ सम्म) म्याद थप गरेको कारण यस वर्ष तारजाली खरिदमा रकम खर्च नभई अन्यत्र निर्माण कार्यमा खर्च भएको देखिएको छ । स्विकृत कार्यक्रम भन्दा फरक पर्ने गरी कार्य संचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : यस वर्ष ३५९१०९४ उपशीर्षकमा रु.१७,५८,३३,४३९।– निकासा तथा खर्च भएको मध्ये रु.७१,९३,६६८।– कन्टिन्जेन्सीतर्फ खर्च भएको देखिएको छ । उक्त कन्टिन्जेन्सी खर्च भित्र रु.२५,००,०००।– जल उत्पन्न प्रकोप व्यवस्थापन विभागमा पठाएको रकम समेत समावेश छ । तसर्थ कूल कन्टिन्जेन्सी खर्चको अनुपात ४.०९१ प्रतिशत रहेको छ ।

७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार कार्यालयले यो वर्ष निर्माण व्यवसायीको नाममा २ उप शीर्षकवाट दिएको पेश्की रु.८८,००,०००।– हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुलफछ्र्यौट गर्नुपर्दछ ।

८. **राष्ट्रिय पुनर्निमाण कोष :** यस वर्ष जल उत्पन्न प्रकोप व्यवस्थापन विभागको २०७३।३।९ को प्राप्त अख्तियारी अनुसार कूल रु.७०,००,०००।– वजेट विनियोजन भई आएकोमा रु.४७,३९,७४०।– निकासा तथा खर्च भएको छ । सो कार्यक्रम अर्न्तगत भूकम्पवाट प्रभावित रामेछाप जिल्लामा ४

वटा, दोलखामा ४ र सिन्धुपाल्चोकमा ६ वटा समेत १४ कार्यक्रम रहेको देखिन्छ। उक्त कार्यक्रम संचालनका लागि ५ लाखका दरले रु.७०,००,०००।– वजेट विनियोजन भएको देखिन्छ। कार्यालयले १४ कार्यक्रम मध्ये १० वटा मात्र सम्पन्न गरेको देखिन्छ। यस सम्बन्धमा छलफल गर्दा अन्तिम समय २०७३ आषाढ १४ मा मात्र वजेट अख्तियारी प्राप्त भएको र उक्त समयमा कार्यालयमा अन्य कार्यको चाप वढी परेकोले ४ वटा कार्यक्रम संचालन गर्न नसकिएको कार्यालयको भनाई रहेकोछ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी कितावमा पुराना खर्च भई नजाने सामानको मुल्य नखुलाएको, आर्थिक कार्यविधि नियमावली अनुसार समयमा पेश्की फछ्र्यौट नगरेको, खरिद इकाई गठन नगरेको,कार्यक्रमगत खर्च खाता नराखेकोजस्ता व्यहोरा देखिएकाछन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ।

२. **वढी खर्च :** कार्यालयको वार्षिक कार्यक्रम नं.२.१, २.२ र २.३ मा विज वृद्धि कार्यक्रम धान, मकै र गहुं ५० प्रतिशत अनुपातमा वितरण गर्नको लागि कार्यक्रम नं.२.४ मा विउ ढुवानी ३ पटकको लागि चौमासिक हिसावले खर्च गर्ने गरी रु.२५,०००।– व्यवस्था गरेको छ। तर उक्त कार्यक्रम संचालन गरेको भनि २ कर्मचारीले पेश गरेको फांटवारी अनुसार ३७,५००।– ढुवानी रकम दावी गरेकोले वढी दावी गरेको ढुवानी रकम रु.१२,५००।– असुल हुनुपर्दछ।

३. **नर्म्स भन्दा वढी खर्च :** वार्षिक कार्यक्रम नं.२.२ मकै विज वृद्धि कार्यक्रम २० हेक्टरको लागि (५० प्रतिशत अनुदानमा) विउ खरिद गर्न रु.२५,०००।– वजेट व्यवस्था भएकोमा एक प्रा.स.ले नेपाल कृषि अनुसन्धान परिषद् काव्रेवाट रामपुर देउती मकै मूलविउ ४०० के.जी प्रति के.जी रु.५०।– ले रु.२०,०००।– मा खरिद गरी सोको ५० प्रतिशत मूल्य रु.१०,०००।– र बाँकी रकमवाट एक एग्रोभेट सेन्टरवाट २०७२।११।१९ मा क्लोरिपाइसिफस विषादी खरिद गरेको रु.१२,५००।– र ढुवानीमा थप रु.२,५००।– खर्च देखाई रु.२५,०००।– खर्च लेखेको देखियो। २० हेक्टरमा विज वृद्धि कार्यक्रमको लागि नर्म्स अनुसार कम्तिमा ८०० के.जी मकै खरिद गर्नु पर्नेमा सो नगरी विउको परिमाण कम गरी औषधी ढुवानी गरेको देखाई खर्च लेख्नु मनासिव देखिएन। तसर्थ उक्त विषादी खरिद रकम रु.१२,५००।– असुल हुनुपर्दछ।

४. **प्रमाण वेगर खर्च :** विषादी सम्बन्धी जनचेतनामूलक कार्यक्रम नं(.१३.१४) संचालन बापतएक प्रा.स.ले पेश गरेको फांटवारी अनुसार निजले विषादी सम्बन्धी जनचेतनामूलक कार्यक्रम (कार्यक्रम नं.१३.१४) १ दिने ४ विद्यालयमा र एक तरकारी उत्पादक कृषक समूहमा ११ पटक संचालन गरेको भनि रु.५५,०००।– खर्च लेखेको देखियो। तर उक्त मितिमा ती विद्यालयहरुमा संचालन भएको आधार प्रमाण वा विद्यालयको पत्र समेत नहुँदा उक्त कार्यक्रम संचालन भएको छ भन्न सकिएन। तसर्थ सम्बन्धित विद्यालयवाट कार्यक्रम संचालन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम रु.५५,०००।– असुल हुनुपर्दछ।

५. **वढी परिमाणको कार्य :** वार्षिक कार्यक्रम नं.१०.१ मा किवि व्यवसायिक वगैंचा स्थापना (विरुवामा ५० प्रतिशत अनुदान) २० हेक्टरमा गर्न रु.९,००,०००।– वजेट व्यवस्था भएको देखिन्छ। कृषि सूचना तथा संचार केन्द्रवाट प्रकाशित कृषि डायरी, २०६९ को पेज नं.११५ मा किवि विरुवा प्रति रोपनी २० वटा जाने (४ मी X ६ मी दुरी) उल्लेख छ। जस अनुसार प्रति हेक्टर ४०० ले २०

हेक्टरको लागि ८,००० विरुवा मात्र आवश्यक पर्नेमा कार्यालयले १५,००० विरुवा खरिद गरी ५० प्रतिशतले हुने रु.९,००,०००।– अनुदान खर्च लेखेको देखियो । यस सम्बन्धमा कृषकहरुवाट अत्यधिक माग भई आएको र विनियोजित रकमले वढी संख्या वितरण गर्न सम्भव भएको भन्ने कार्यालयको भनाई रहेको भएतापनि कार्यालयले वार्षिक प्रगति प्रतिवेदनमा २० हेक्टरमा मात्र कार्य भएको देखाएको छ । अतः वढी परिमाण कार्य गरेको अवस्थामा वार्षिक प्रतिवेदनमा समेत प्रगति प्रतिशत वढी देखाउनु पर्नेमा देखाएको छैन । यसमा आवश्यक सुधार हुनु पर्दछ ।

६. **नर्म्स भन्दा वढी खर्च :** वार्षिक कार्यक्रम ३.१ र ३.२ मा गुणस्तरिय विउ आलुमा ५० प्रतिशत मूल्य अनुदान २.५ हेक्टरको लागि मूल्य रु. १,५०,०००।– र ढुवानी रु.५०,०००।– समेत रु.२,००,०००।– वजेट व्यवस्था छ । कार्यक्रम संचालन नर्म्स अनुसार आलु प्रति रोपनी ७५ देखि १०० के.जी लाग्ने देखिन्छ । जस अनुसार २.५ हेक्टरको लागि ५,००० के.जी मात्र खरिद गरि कार्यालयले २५०० के.जी विउको दर प्रति के.जी रु.५६।– ले रु.१,४०,०००।– मात्र अनुदान खर्च लेख्नु पर्नेमा एक विउ विजन आपूर्तकको२०७२।१०।६ को विलवाट रु.५,३५८ के.जी खरिद गरेको मूल्य रु.३,००,०४८।– देखाई रु. १,५०,०००।– अनुदान खर्च लेखेको देखियो । तसर्थ नर्म्सले तोकेको भन्दा वढी आलु खरिद गरी वढी अनुदान खर्च लेखेको रकम रु.१०,०००।– असुल हुनु पर्दछ ।

७. **भरपाई :** वार्षिक कार्यक्रमको कार्यक्रम नं.१८.४ मा अलैंची नर्सरी स्थापना १ गोटाको लागि रु.२०,०००।– वजेट व्यवस्था भएकोमा एक प्रा.स.ले मिर्गे अलैंची उत्पादन तथा नर्सरी फलफूल दोलखा भनि छाप लगाएको नगद/उधारो विलवाट १.५ के.जी अलैंचीको विउ खरिद गरेको रु.१८,०००।– र लुलोपाईप ४ रोलको रु.२,०००।– को विल संलग्न गरी पेश्की फछ्र्यौट गरेको छ । उक्त विउ तथा पाईप कृषक उत्पादक समूहमा वितरण गर्नुपर्नेमा एक कृषकको ठाडो भरपाईमा मिर्गे गा.वि.स.वडा नं.२ ठुलो पोखरीको एक महिला कृषक समूहका सदस्यले वुझेको छ । यस प्रकार अनुदान खर्च लेख्दा कृषक समूह समितिलाईनै वुझाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

८. **वढी खर्च :** वार्षिक कार्यक्रम नं.९.१ र ९.२ मा अदुवाको विउ १००० के.जी र वेसारको विउमा ५०० के.जी मा ५० प्रतिशत अनुदान दिने उल्लेख गरी क्रमश रु. ६०,०००।– र ३०,०००।– गरी ९०,०००।– वजेट व्यवस्था भएको छ । तर कार्यालयले एक प्रा.लि.संग २०७२।१२।२१ मा अदुवा रु.१,२०,०००।– र ६०,०००।– समेत रु.१,८०,०००।– को ५० प्रतिशतले हुने रु.९०,०००।– खर्च लेखेको छ । वार्षिक कार्यक्रममा वेसार ५०० के(.जी मात्र अनुदान दिने उल्लेख भएकोमा १००० के.जी किनेको देखाई पूरै रकम खर्च लेखेको छ । तसर्थ वेसार ५०० के.जीको दर ६०।– ले हुने रु.३०,०००।– को ५० प्रतिशतले हुने रु.१५,०००।– मात्र वजेट खर्च लेख्नु पर्नेमा पूरै खर्च लेखेकोले वढी खर्च लेखेको रु.१५,०००।– असुल हुनु पर्दछ ।

९. **ढुवानी खर्च :** कार्यक्रम नं.१८.२ मा विउ आलुमा ५० प्रतिशत अनुदानको लागि रु.७५,०००।– वजेट विनियोजन भएकोमा एक प्राविधिक सहायकले पेश गरेको फांटवारी अनुसार २२१५ के.जी आलु विउ दर रु.५६।– ले रु.१,२४,०४०।– को ५० प्रतिशत मूल्य अनुदान वापत रु.६२,०००।– खर्च लेखि बाँकी रकम रु.१३,०००।– ढुवानी गरेको देखाई खर्च दावी गरेको छ । उक्त आलु ढुवानी समेतको लागि विनियोजित रकम कार्यक्रम नं.१८.९ को रु.३६,९००।– अन्यत्र खर्च लेखेको कारण अनुदान दिनुपर्ने रकम ढुवानीमा खर्च लेख्नु मनासिव देखिंदैन । तसर्थ उक्त ढुवानी देखाएको रु.१३,०००।– असुल गर्नुपर्दछ ।

१०. **फरक विलका आधारमा खर्च :** कार्यक्रम नं.२.१ विज वृद्धि कार्यक्रम धान १० हेक्टरको लागि ५० प्रतिशत अनुदानमा रु.२०,०००।– रहेकोमा एक प्राविधिक सहायकले नेपाल कृषि अनुसन्धान परिषद्वाट ५०० के.जी धानको विउ खरिद गरेको रु.२८,०००।– को ५० प्रतिशतले हुने रु.१४,०००।– र विषादी ३ के.जी खरिद रु.६,०००।– को विल संलग्न गरी पेश्की फछ्र्यौट गरेको देखियो । नर्म्स अनुसार आवश्यक धानको विउ परिमाण खरिद नगरी विषादीको विल संलग्न गरी खर्च लेख्ने कार्य नियमसम्मत देखिएन ।

११. **आवश्यक मौज्दात :** कार्यक्रम नं.१३.२ मा आकस्मिक वालीसंरक्षण सेवा २ वटाको लागि रु.१,५०,०००।– वजेट व्यवस्था भएको छ । कार्यालयले उक्त रकम आकस्मिक रुपले आइलाग्ने रोगको रोकथाममा खर्च गर्नुपर्ने देखिन्छ । कृषक, कृषक समूह, कृषि सेवा केन्द्र, उप-केन्द्रवाट वालीमा रोग लागेको कार्यालयमा जानकारी प्राप्त भएपछि मात्र उक्त रकम खर्च गर्नुपर्नेमा सो नगरी आर्थिक वर्षको अन्त्यमा २ पटक औषधी खरिद गरी मौज्दात मात्र राखी रु.१,५०,०००।– खर्च गरेको छ । यस प्रकार खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१२. **शिविर सञ्चालन :** कार्यक्रम नं.१२.७ मा घुम्ति शिविर २ पटक दुई चौमासिकमा गर्न रु.२५,०००।, २५,०००।– विनियोजन भएकोमा एक प्रा.स.ले २०७३।३।१८ मा एकै पटक झुले गा.वि.स. वडा नं.१ अमर उच्च मा.वि.मा १ दिने घुम्ति शिविर संचालन गरेको भनि एक एग्रोभेटको २०७३।३।१६ को विलवाट तरकारी विउ खरिद गरेको रु.५०,०००।– को विल पेश गरी पेश्की फछ्र्यौट गरेको छ । उक्त शिविरमा अन्य कार्य भएको देखिंदैन अर्थात शिविर संचालन भएको हो भन्ने कागजातवाट खुल्दैन । उक्त विद्यालयले शिविर संचालन गरेको सम्बन्धमा केही उल्लेख गरेको छैन । तसर्थ शिविर संचालन भएको आवश्यक प्रमाण पेश गर्ने अन्यथा उक्त रकम रु.५०,०००।– असुल हुनुपर्दछ ।

१३. **करकट्टी–** आयकर ऐन, २०५८ को दफा ८९(१) मा वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैंया भन्दा वढीको रकम भुक्तानी दिंदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टीगर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ७ पटकको खरिद रकममा सो अनुसार रु.९,५६४।– करकट्टी गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१४. **ढुवानी विल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म वा कम्पनीवाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ । तर कार्यालयले वर्षै भरी वार्षिक कार्यक्रममा उल्लेख भएका धान, गहुँ, मकै, तरकारी विउ, वेर्ना, फलफुलका विउ तथा वेर्ना खरिद गरेको स्थल देखि कृषकहरुसम्म पुर्याएको भनि नगद/उधारो विलमा कालिन्चोक ट्रान्सपोर्टको छाप मात्र लागेको विल संलग्न गरी रु.८,८६,५००।– भुक्तानी दिएको छ । अर्थात उक्त ट्रान्सपोर्ट मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिंदैन भने निजले आफ्नै नामवाट विल समेत तयार गरेको नदेखिएकोले उक्त विल वास्तविक हो भन्न सकिने अवस्था देखिएन ।अत:यस प्रकारको ढुवानी कार्यमा कार्यालयवाट नियन्त्रण हुनु पर्दछ ।

१५. **प्रगति विवरण :** वार्षिक लक्ष्य अनुसार प्रगति हासिल गर्नु पर्दछ । तर कार्यालयले कार्यक्रम नं.७.२ मा एग्रोनेट खरिद ५० प्रतिशत अनुदान भनि ५० वटाको लागि रु.३,६०,०००।– वजेट विनियोजन भएकोमा कार्यालयले अनु प्लाष्टिक स्टोरको २०७२।७।१६ को विलवाट ४४ थान एग्रोनेट खरिद गरि मूल्य अभिवृद्धि कर समेत रु.७,१५,९६८।– को ५० प्रतिशतले हुने रु. ३,५७,९८४।– खर्च

लेखेको छ । कार्यक्रमले तोकेको भन्दा ६ थान कम खरिद भएकै अवस्थामा प्रगति शत प्रतिशत देखाएको कारण प्रगति विवरण यथार्थ देखिएन ।

१६. **भरपाई वेगर खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एक प्रा.स.ले पेश गरेको फांटवारीमा गहुँवालीमा २४ वटा क्रप कटिङ्ग गरेको भनि रु.७,२००।– खर्च दावी गरी भुक्तानी लिएको छ। तर उक्त रकम रु.७,२००।– हालसम्म कृषकलाई वुझाएको नदेखिएकोले असुल हुनुपर्ने देखिएको छ ।

१७. **कार्यक्रम संचालन** : वार्षिक लक्ष्य अनुसार कार्यालयले कार्यक्रम संचालन गर्नु पर्दछ । तर कार्यालयले कृषकहरुलाई तरकारी वेर्ना वितरण ५० प्रतिशत अनुदानमा गर्न रु.५०,०००।– वजेट रहेकोमा उक्त कार्यक्रम संचालन भएको पाईएन ।

१८. **तरकारी वेर्ना उत्पादन :** वार्षिक लक्ष्य अनुसार कार्यक्रम संचालन गर्नु पर्दछ। जस अनुसार कार्यालयलेसेवा केन्द्र मार्फत कृषक समूह/सहकारीको साझेदारीमा तरकारी वेर्ना उत्पादन तथा वितरण कार्यको लागि रु.२४,००,०००।– वजेट विनियोजन भएकोमा कार्यालयले ८ वटा नर्सरीलाई तरकारी वेर्ना अनुदान तथा प्राङगारिक मल र नर्सरीका सामान उपलब्ध गराए वापत भनिरु.२१,००,०००।– खर्च लेखेकोमा आठ सहकारी संस्थाहरुलाई प्राङ्गारिक मल र वेर्नाको अनुदान दिंदा निजहरुले नगद उधारो विलमा संस्थाको छाप मात्र लगाएको आधारमा अनुदान उपलव्ध गराएको कारण उक्त विल भरपाईको यथार्थता एकिन गर्न सकिएन । साथै कार्यालयले उल्लेखित कार्यमा प्राप्त गरेको रकमवाट अनुगमनमा रु.१,२०,०००।– सामान ढुवानीमा रु.१,०४,०००।– व्रोसियर छपाईमा रु.६०,०००।– र एक अधिकृतलाई कार्यक्रम संचालन गरेको भनि रु.१६,०००।– समेत रु.३,००,०००।– खर्च लेखेको छ ।

१९. **मिनिटेलर खरिद :** वार्षिक कार्यक्रममा मिनिटेलर ३ वटाको लागि रु.१,५०,०००।– वजेट विनियोजन भए अनुसार एक योजना अधिकृतलेवनेपा काभ्रेको एक मेशिनरी ट्रेडको २०७३।३।२९ को विलवाट डिजल मिनीटेलर ३ वटा खरिद गरी रु. ७०,०००।– ले रु. २,१०,०००।– खर्च गरेको छ । कार्यक्रममा कृषकले व्यहोर्ने रकम उल्लेख नगरी एकमुष्ट रु.१,५०,०००।– राखेको कारण कार्यालयले निजको नाममा रहेको उक्त रकम रु.१,५०,०००।– पेश्की फछ्र्यौट गरेको छ । बाँकी रकम रु.६०,०००।– के कति कसले व्यहोरेको हो उल्लेख भएको छैन । यस सम्बन्धमा छलफल गर्दा प्रति किसान रु.२०,०००।– व्यहोरेको उल्लेख गरेतापनि छलफलको क्रममा कार्यालय प्रमुखले उक्त मिनिटेलर लैजाने ३ किसानसंग सम्पर्क गर्दा दुई किसानले क्रमशः रु.३५,०००।– र ३०,०००।– व्यहोरेको र १ किसानले मात्र रु.२०,०००।– व्यहोरेको जानकारी प्राप्त भएको कारण दुई कृषकहरुवाट वढी असुल गरिएको रु.२५,०००।– निज अधिकृतसंग असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

२०. **अलैंची भट्टी खरिद :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार अलैंची सुकाउने ड्रायर (अलैंची भट्टी) एक इन्जीनियरिङ्ग वर्कसपवाट १० सेट खरिद गरी प्रतिसेट रु.७०,०००।– ले रु.७,००,०००।– भुक्तानी गरेकोमाकृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स २०७२।७३ अनुसार स्थानीय दररेट वमोजिम अलैंची सुकाउने ड्रायरको आवश्यक सामाग्रीहरुको लागत अनुमान गरी समूह तथा सहकारीलाई वास्तविक लागतको ५० प्रतिशत वा रु.७०,०००।– मध्ये जुन रकम कम हुन्छ सो रकम अनुदान दिई संचालन गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले लागत इष्टिमेट बनाएको

पाइएन । साथै उक्त ड्रायर सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नुपर्नेमा ३ वटा हाते कोटेशन लिई खरिद गरेको पाईयो ।

२१. **अनुगमन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.१० लाखसम्मको मालसामान सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नुपर्ने व्यवस्था छ। जस अनुसार वार्षिक कार्यक्रममा १२ वटा मिनि टेलर एक ट्रेडवाट प्रति टेलर रु.७०,०००।– ले हुने रु.८,४०,०००।– मध्ये कार्यालयले ५० प्रतिशत अनुदान वापत रु.४,२०,०००।– भुक्तानी लेखेको छ। विभिन्न १२ वटा कृषक तथा सहकारी संस्थाहरुलाई वितरण गरिएका मिनी टेलरहरुको प्रयोग सम्बन्धमा कार्यालयवाट अनुगमन मूल्यांकन गरेको पाइएन ।

२२. **मकै विउ वितरण :** वार्षिक कार्यक्रममा १५ मे.टन मकैको उन्नत विउ ७५ प्रतिशत अनुदानमा वितरण (गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु धार्मिक संघ संस्थाहरुलाई दिइने अनुदान) गर्ने उल्लेख छ ।२ सहकारी संस्थावाट खरिद गरी प्रति किलो रु.६५।– ले रु.९,७५,०००।– को ७५ प्रतिशत अनुदान वापत रु.७,३१,२५०।– भुक्तानी भएको छ । उक्त खरिद गरेको विउ १०४१ जना किसानलाई वितरण गरेको पाइयो । वार्षिक कार्यक्रममा सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु र धार्मिक संस्थाहरुलाई अनुदान दिइने उल्लेख गरेकोमा किसानहरुलाई अनुदान दिएकोले वार्षिक कार्यक्रम र अनुदान वितरण विच तालमेल मिलेको देखिएन । साथै१५ मे.टन मकैको विउ वितरण गर्न ढुवानीमा रु.१,००,०००।– वजेट व्यवस्था भएकोमादुई मितिवाट रु.१,१०,०००।– खर्च लेखेकोले वढी खर्च गरेको रु.१०,०००।– असुल हुनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा नगदी रसिदवाट प्राप्त आम्दानी म.ले.प.फा.नं.१०८ मा चढाएको नदेखिएको,जिन्सी किताबमा खर्च भएर नजाने पुराना मालसमानको मूल्य खुलाएको नदेखिएको, पेश्की लिएको अवधी भन्दा अगाडीको र २०७३ श्रावणको साना साना खर्चका विल राखी पेश्की फछ्र्यौट गरेका समेत देखिएकोजस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **वढी खर्च :** शिक्षा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को कार्यक्रम नं.९ मा विद्यालयहरुलाई पि.सि.एफका आधारमा नन्स्यालरी अनुदान सहयोग दिने व्यवस्था गरेको छ । जस अनुसार तहगत विद्यार्थी संख्याको आधारमा प्राथमिक, नि.मा.वि. र मा.वि.लाई क्रमश रु.१५०।– १७०।– र १८०।– ले रकम निकासा दिनु पर्नेमा १६०।–, १८०।– र २३०।– ले निकासा दिएकोले ५२४ विद्यालयको नाममा रु.७,२०,७७०।– वढी खर्च लेखेकोले उक्त रकम असुल हुनुपर्दछ ।

३. **वढी निकासा :** शिक्षा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को कार्यक्रम नं.२.१५४०.१५१ मा विद्यालय कर्मचारी व्यवस्थापन खर्च सम्बन्धी व्यवस्थाछ। जस अनुसार कक्षा १ देखि ४ सम्म संचालन भएका विद्यालयमा २० जना भन्दा पनि कम विद्यार्थी भएमा आंशिक रुपमा कर्मचारीको व्यवस्थापन गर्न वार्षिक एकमुष्ट रु.११,०००।– मात्र पाउने उल्लेख छ । तर कार्यालयले २० जना भन्दा कम विद्यार्थी भएका २४ विद्यालयहरुलाई २०७२।६।२१ मा रु.५,०००।– र २०७२।११।५ मा रु.१४,०००।– समेत रु.१९,०००।– का दरले कर्मचारी व्यवस्थापन वापतको रकम निकासा दिएकोले वढी निकासा दिएको प्रति विद्यालय रु.८,०००।– का दरले रु.१,९२,०००।– असुल हुनुपर्दछ ।

४.	**वैंक आदेश भन्दा वढी खर्च :** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ३६(३) मा विल भरपाई वमोजिम लेखा राख्नु पर्ने व्यवस्था छ। तर विभिन्न ३६५ विद्यालयलाई कर्मचारी व्यवस्थापन खर्च वापत रु.७७,७७,३३४।– र ३०१ वालकल्याणको लागि पारिश्रमिक रु.३७,०१,४००।– समेत रु.१,१४,७८,७३४।– ने.वै.लि. चरिकोटलाई वैंक जम्मा गर्ने आदेश भएकोमा गो.भौ वाट रु.१,१४,८२,२३४।– खर्च लेखेकोले रु.३,५००।– वढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

५.	**विल भरपाई भन्दा वढी खर्च :** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ३६(३) मा विल भरपाई वमोजिम लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयलेकम्प्यूटर नेटवर्किङ वापत रु. ५०,०००।– खर्च लेखेकोमा संलग्न विल भरपाई रु.४९,६३५।– को मात्र भएकोले नपुग रु.३३५।– असुल हुनुपर्दछ ।

६.	**वढी निकासा :** शिक्षा विभागवाट प्रकाशित कार्यक्रम संचालन निर्देशिका,२०७२।७३ मा कार्यक्रम नं.६.३.५.१ मा आवासिय छात्रवृत्तिको व्यवस्था गरेको छ । जसमा भौगोलिक अवस्था, दुरी र अपाङ्गताको अवस्थाको कारणले घरवाट दैनिक रुपमा आवतजावत गर्न नसक्ने एवं अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने अपाङ्गता भएका विपन्न वालवालिकालाई प्रति महिना रु.२,५००।– का दरले १० महिनाको रु.२५,०००।– प्रति विद्यार्थीका दरले २० जनाको लागि रु.५,००,०००।– ले २ वटा श्रोत कक्षा संचालनको लागि रु. १०,००,०००।– निकासा दिनु पर्नेमा २ विद्यालयका ३६ विद्यार्थीका लागि रु.११,५०,०००।– निकासा दिएको देखियो । यस सम्बन्धमा छलफल गर्दा विद्यार्थी संख्याको आधारमा निकासा दिएको कार्यालयको भनाई रहेको छ ।

६.१.	विद्यार्थी संख्याको आधारमा दुई स्रोतकेन्द्रमा आवासिय छात्रवृत्ति उपलव्ध गराएको देखिन्छ ।एक स्रोत केन्द्रमा ११ र एकमा ३५ विद्यार्थी रहेको अवस्थामा समेत दुवै केन्द्रमा रकम रु.१,४०,०००।– ले रु.२,८०,०००।– वरावर पठाएको देखिन्छ । यस सम्बन्धमा कार्यालयवाट स्पष्ट हुनुपर्दछ ।

७.	**गत वर्षको कार्यक्रम खर्च :** वार्षिक कार्य लक्ष्य अनुसार कार्यक्रम संचालन गर्नु पर्दछ। कार्यालयले शिक्षा विभागवाट खर्च गर्ने अख्तियारी प्राप्त भएपछि तोकिएको चौमासिकमा कार्यक्रम संचालन गर्नुपर्ने अर्थात एक आर्थिक वर्षमा संचालन गर्नुपर्ने गरी तोकिएको वार्षिक कार्यक्रम अर्को आर्थिक वर्षमा संचालन गरी खर्च लेख्न नमिल्नेमा कार्यालयले ४ कर्मचारीहरुलाई कार्यक्रम संचालन गर्न रु.१३,०१,१००।– दिएको पेश्की रकमवाट अर्को आर्थिक वर्ष २०७३।७४ मा कार्यक्रम संचालन गरेको विल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गरेको देखियो । यस प्रकारको खर्चलाई नियमित मान्न सकिंदैन । यस सम्बन्धमा छलफल गर्दा विभागवाट २०७३।३।९ मा मात्र संशोधित कार्यक्रम प्राप्त भएको र आषाढ महिनामा विद्यालयहरु वर्षे विदाको कारण वन्द भएकोले अर्को आर्थिक वर्षमा कार्यक्रम संचालन गर्न परेको कार्यालयको भनाई रहेको छ ।

८.	**कार्य सम्पन्न प्रतिवेदन :** शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७२।७३ को कार्यक्रमनं. ८.२.३.२० मा भूकम्पवाट सामान्य क्षति पुगेका विद्यालयहरुका लागि मर्मत अनुदान, कार्यक्रम नं.८.२.३.२१ मा भूकम्पवाट अधीक क्षति पुगेका विद्यालयहरुकालागि रेक्टो मेन्टेनेन्स तथा विद्यालय भवन मर्मत र कार्यक्रम नं.८.२.८.१ मा कक्षाकोठा पुनस्थापना तथा फर्निचर मर्मत व्यवस्थापनको लागि आवश्यक कार्यविधि पुरा गरे पछि मात्र रकम पाउने उल्लेख छ । कार्यालयले उल्लेखित कार्यक्रम अनुसार कोठा मर्मतको लागि ४३ विद्यालयलाई रु.४७,५०,०००।–, अधीक क्षति पुगेका २४ विद्यालयलाई रु.२,५०,०००।– का दरले रु.६०,००,०००।– तथा ६ विद्यालयलाई फर्निचर व्यवस्थापनका लागि रु.१,००,०००।– ले रु.६,००,०००।– र त्यसै गरी कार्यक्रम नं.८.२.३.४ वाट

विद्यालय भवन निर्माण (आ.व.२०७१।७२) को क्रमागतको लागि ४ विद्यालयलाई रु.१४,००,०००।– का दरले रु.५६,००,०००।– समेत रु.१,६९,५०,०००।– अनुदान उपलब्ध गराएको छ । कार्यक्रम निर्देशिकाले तोके अनुसार सम्पूर्ण कार्य सम्पन्न भई सकेपछि नापी किताव भरि कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कूल अनुदान रकमको ५० प्रतिशत रकम निकासा दिने उल्लेख भएकोमा कार्यालयले कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकै अवस्थामा७२ विद्यालयलाई पूरै अनुदान रकम उपलव्ध गराएकोले नियमानुसार रु.१,६९,५०,०००।– को कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

९. **वढी निकासा :** प्रति शिक्षक रु.७,५००।– पोशाक भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले जनश्रमिक प्रा.वि. मिर्गेमा १ शिक्षक मात्र रहेकोले पोशाक भत्ता वापत रु.७,५००।– निकासा दिनु पर्नेमा रु.७५,०००।– निकासा दिएकोले वढी निकासा दिएको रु.६७,५००।– सम्बन्धित विद्यालयवाट असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

१०. **कार्य सम्पन्न प्रतिवेदन :** शिक्षा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशका, २०७२ मा भौतिक निर्माण सम्बन्धी व्यवस्था छ । कार्यालयले६६ विद्यालयलाई भौतिक निर्माणको लागि दैवि प्रकोप उद्दार कोषवाट भवन/फर्निचर, मोडेल भवन मर्मत र फर्निचर निर्माणमा रु.२,०७,२६,०००।– निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

११. **वढी खर्च :** स्वीकृत नर्म्स अनुसार कार्यक्रम संचालन हुनु पर्दछ । तर कार्यालयले आर्थिक वर्षको अन्त्यमा स.जि.शि.अ.को नाउंमा बाँकी रहेको पेश्की रु.१,७०,०००।– फछ्र्यौट गरेकोमा निजले २०७३।४।२१ र २२ मा ८० विद्यालयका ८० शिक्षकलाई विद्यालय विपत जोखिम न्यूनिकरण सम्बन्धी तालिम संचालन गर्दा प्रति सहभागी प्रतिदिन रु.४५०।– ले २ दिनको रु.७२,०००।– मात्र खर्च लेख्नु पर्नेमा रु.१,०२,५६०।– खर्च लेखेकोले वढी खर्च लेखेको रु.३०,५६०।– असुल हुनुपर्दछ ।

१२. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । तरचार विद्यालयहरुलाई शौचालय, कम्पाउण्डवाल, खेलमैदान निर्माण गर्नका लागि रु.१५,००,०००।– अनुदान रकम निकासा उपलब्ध गराइएकोमा निर्माण कार्यको फाँटवारी तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुन आएन ।अतः निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३. **वढी भुक्तानी :** कार्यालयले नियमले तोके अनुसारको तलव भत्ता खर्च लेख्नु पर्नेमा श्रोत व्यक्तिहरु ९ जनालाई श्रावण, भाद्र र आश्विनको तलव भत्ता भुक्तानी गर्दा नियमले पाउने भन्दा रु.५८,८०६।– वढी भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ ।

१४. **काज स्वीकृती :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ अनुसार भ्रमण आदेश स्वीकृत गराउनु पर्ने व्यवस्था छ । तर एक जि.शि.अ. ले २०७२।४।३२ देखि २०७२।५।५ सम्म काठमाडौंभ्रमण गरेको देखाई रु.५,६००।– भ्रमण भत्ता खर्च लेखेकोमा निजको भ्रमण आदेश स्वीकृत भएको पाइएन ।

## जिरी प्राविधिक शिक्षालय

१. **तलबी प्रतिवेदन :** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को कर्मचारी सम्बन्धि विनियमावली, २०४९ बमोजिम कर्मचारीको तलब खर्च लेख्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट तलबी प्रतिवेदन पास गराई मात्र तलब खुवाउनु पर्ने व्यवस्था रहेकोमा प्रतिवेदन पास नगरी यो वर्ष तलवमा रु.१,७५,१२,७१४।३० खर्च लेखेको छ ।

२. **खरिद व्यवस्थापन** : सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार मालसामान खरिद सम्बन्धमा कारबाही शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद ईकाईले महाशाखा, शाखाबाट खरिदको लागि माग प्राप्त गर्ने, स्वीकृत गर्ने,लागत अनुमान तयार गर्नपर्ने र खरिद विधि छनौट गर्नुपर्ने व्यवस्था तोकिएकोमा शिक्षालयले माल समानको खरिद गर्दा उल्लेखित प्रकिया पुरा गरेको पाईएन ।

३. **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले मालसामान खरिदका लागि खरिद ईकाइ गठन गर्नु पर्ने, रु.१० लाख भन्दा बढीको सामान खरिद गर्नु पर्ने भएमा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार खरिद इकाई गठन गरेको तथा खरिद योजना तयार गरेको छैन ।

४. **आर्जन खाताको बाँडफाँड :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को विनियम ३(च)(१) बमोजिम आर्थिक वर्षको अन्तमा बाँकी रहेको रकमको ७५ प्रतिशत केन्द्रमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । शिक्षालयको आर्थिक विवरण बमोजिम यस वर्षको आर्जन रु.१,१९,१८,१०१।– को ७५ प्रतिशतले हुने रु.८९,३८,५७५।७५ केन्द्रमा पठाउनु पर्नेमा पठाएको छैन । उक्त रकम केन्द्रमा पठाउनु पर्दछ ।

५. **आर्जन कोषमा पठाउनु पर्ने :** परिषद्को आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को विनियम ३ (च) बमोजिम जगेडा कोषद्वारा कार्य संचालन गरी बाँकी सम्पूर्ण रकम आर्थिक वर्षको अन्तमा कार्यालयको आर्जन कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । शिक्षालयको आर्थिक विवरण बमोजिम आर्थिक वर्षको अन्तमा बाँकी रहेको रु.१३,७८,६७६।७८ आर्जन कोषमा जानुपर्ने देखिएको व्यहोरा गत बर्षकै प्रतिवेदनमा औल्याएकोमा यो वर्ष समेत पठाएको छैन । अतः उक्त रकम आर्जन कोषमा पठाउनु पर्दछ ।

६. **कार्यक्रम नभएको :** परिषद्कोआर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६२ को विनियम ६(३) मा कार्यालयहरुको लागि प्रत्येक आर्थिक वर्षको निमित्त चाहिने वार्षिक बजेट तयार गरी स्वीकृत गर्नुपर्ने निमार्ण कार्यको वजेट तर्जुमा गर्दा आर्थिक प्राविधिक तथा प्रशासकिय क्षमताको आधारमा प्रतिफलको समेत विचार गरी परिषद्बाट योजना स्वीकृत हुनुपर्ने सो काम संचालन गर्न विस्तृत सर्वेक्षण, ड्रइङ्ग, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक वजेट तर्जुमा गर्नुपर्ने व्यवस्था भए बमोजिम कार्यकम स्वीकृत गराउनु पर्ने व्यहोरा गत बर्षको प्रतिवेदनमा औल्याएकोमा यस बर्ष समेत सुधार भएको पाईएन ।

७. **निर्माण कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने, दफा ८ मा खरिद विधि छनौट गरी वोलपत्र/दरभाउपत्रको माध्यमवाट गर्नु पर्ने उल्लेख छ । सो अनुसार शिक्षालयले गत वर्ष छात्राहरुको आवास भवन निर्माण कार्य गर्न रु.१,०८,०६,०३६।२४ (मूल्य अभिवृद्धि कर समेत) को लागत अनुमान तयार गरी निर्माण कार्य गर्न २०७२।३।४ मा ५ दिने वोलपत्रको सूचना (सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ अनुसार विशेष परिस्थिती देखाई) प्रकाशित गरेकोमा ४ थान वोलपत्र विक्री तथा दर्ता भएको मध्ये योग्य ठहरिएको एक निर्माण व्यवसायीसंग सम्झौता मितिले ३५ दिन भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७२।३।२० मा मूल्य अभिवृद्धि कर समेत रु.९४,५७,३८४।७१ मा सम्झौता भएको देखिन्छ । निज निर्माण व्यवसायीलाई निर्माण कार्य गरे वापत यस वर्ष प्रथम र दोश्रो तथा अन्तिम विलवाट मूल्य अभिवृद्धि कर समेत रु.९४,२१,८७६।५८ भुक्तानी दिएकोमा निम्न व्यहोरा देखिएको छ :

७.१. सम्झौता अवधी समाप्त भै सकेपछि अवधी थप वेगर प्रथम रनिङ विल रु.५८,९४,०३०।२० रमूल्य अभिवृद्धि कर रु.७,६६,२२३।९३ समेत रु. ६६,६०,२५४।१३ २०७२।६।२२ मा भुक्तानी दिएकोमा निज निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर विजक पेश नगरेकै अवस्थामा शिक्षालयले रु.७,६६,२२३।९३ मूल्य अभिवृद्धि कर रकम भुक्तानी दिएको देखियो । साथै निज निर्माण व्यवसायीले भुक्तानी लगेको कर विवरण २०७२।७।२५ सम्म वुझाउनु पर्नेमा विलको भुक्तानी लगेको ८ महिना पछि २०७३।२।२० मा मात्र कर विजक जारी गरेको देखिएको छ । यसवाट निजले सो २०७२।७।२५ सम्ममा मूल्य अभिवृद्धि कर वुझाएको एकिन हुन सक्ने अवस्था देखिएन । अतः शिक्षालयले निज निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रकमको कर समायोजन गरेको विवरण पेश हुनु पर्दछ ।

७.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौताको अवधी भित्र पूरा गर्न नसकिने भएमा तोकिएको प्रक्रिया पुरा गरी म्याद थप गर्ने व्यवस्था भएकोमा निज निर्माण व्यवसायीले सम्झौता अवधि वर्षातमा भएको, वाटो विग्रेको र नाकावन्दी जस्ता कारण देखाइ २०७२।४।१६ मा पहिलो पटक २०७२।६।१५ सम्म म्याद थप माग गरेतापनि कार्यालयवाट म्याद थप भएको देखिएन । त्यसपछि पटक पटक विभिन्न कारण देखाई म्याद थप माग गरेकोमा शिक्षालयवाट एकै पटक २०७३।३।३१ सम्म प्राप्त अधिकार नाघी ६ महिना भन्दा वढी अवधी म्याद थप गरेको देखियो । कार्यालयले म्याद थप गर्न पाउने अवधी २०७२ माघ २४ पछि निजले निर्माण कार्य सम्पन्न गरेको भनि उल्लेख गरेको अवधी २०७३ आषाढ २४ सम्म १५१ दिनको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) अनुसार सम्झौता रकम रु.८३,६९,३६७– (मू.अ.कर वाहेक) को प्रति दिन ०.०५ प्रतिशतले हुने रकम रु.६,३१,८८७– असुल हुनुपर्दछ ।

७.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता गर्न कार्य सम्पादन जमानत त्रुटी सच्याउने दायित्व (डिफेक्ट लायल्याविलिटिज पिरियड) को अवधी भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनु पर्ने व्यवस्था छ । निज निर्माण व्यवसायीले २०७२।३।२० मा ३५ दिन भित्र कार्य सम्पन्न गर्ने गरी गरेको सम्झौतामा त्रुटी सच्याउने दायित्वको अवधि १ वर्ष राखेको कारण निजले पेश गरेको एक वैंकका ५।०७।२०१५ को रु.५,००,०००।– को परफरमेन्स जमानतको अवधि ४।१०।२०१६ सम्म रहेको देखिन्छ । तर निज निर्माण व्यवसायीलाई निर्माण कार्य सम्पन्न गर्ने अवधि २०७३।३।३१ सम्म थप गर्दा सो भन्दा कम्तिमा १३ महिना पछि (२०७४।४।३१) सम्मको म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा सो भएको नदेखिएकोले कार्यसम्पादन जमानतको अवधि थप हुनुपर्दछ ।

८. **मुल्य अभिवृद्धिकर दर्ता नभएका संग खरीद :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले रु.५,०००।– भन्दा वढी रकमको खरीद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म वा कम्पनीवाट मात्र खरीद गर्नुपर्ने उल्लेख भएकोमा पूर्ण पालना भएको देखिएन । यस सम्वन्धमा छलफल गर्दा स्थानीय वजारमा मू.अ.कर दर्ता भएका फर्मको अभाववाट खरिद हुन नसकेको कार्यालयको भनाई रहेको छ । यस सम्वन्धमा आवश्यक सुधार हुनु पर्दछ ।

९. **विज्ञापन खर्च :** गोरखापत्र संस्थानले २०७०।४।२३ मा संस्थानका सवै प्रकाशनहरुवाट प्रकाशित हुने सूचना तथा विज्ञापनहरुमा सरकारीको हकमा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको छ । सोही आधारमा अन्य निजी प्रकाशनहरु (कान्तिपुर, नागरिक, समाचार पत्र, राजधानी आदी) ले समेत तोकिएको प्रतिशत छुट दिने गरेको देखिन्छ । तर कार्यालयले यो वर्ष एक प्रा.लि. मार्फत

प्रकाशित गरेका सूचना तथा विज्ञापनहरुमा छुट नलिई ४ पटकमा रु.७,०७,३२४।– खर्च लेखेको छ ।यसमा आवश्यक सुधार हुनुपर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) मा वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत ५० हजार रुपैंया भन्दा वढी रकम भुक्तानी दिंदा भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । २० वटा भौचरवाट भएको भुक्तानीमा ऐनमा व्यवस्था भए अनुसार १.५ प्रतिशतका दरले कट्टा गर्नुपर्ने अग्रिम कर रु.७६,२८३।– असुल गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा मूल्यवान र महत्वपूर्ण साधनको भण्डारमा विशेष ध्यान पुर्‍याएको देखिएन, मूल्य नखुलेका पुराना मालसामानको मूल्य खुलाई राखेको नदेखिएको, वार्षिक खरिद योजना तयार गरेको नदेखिएको, पेश्की फछ्र्यौट गर्दा खर्चको तेरिज वनाई फछ्र्यौट गर्ने गरेको नदेखिएको, कार्यक्रम खर्चको समयमा पेश्की फछ्र्यौट भएको नदेखिएको,कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको नदेखिएको जस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **कार्यकम संचालन प्रक्रिया :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुसार सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, कार्यशाला गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले उक्तानुसार खर्च देखिने गरी प्रतिवेदन तयार गरेको छैन । कार्यकम संचालन गर्दा खर्च भएको रकम नियमानुसार छ भन्ने आश्वस्तताको लागि नियममा व्यवस्था भए बमोजिम लागत अनुमान तयारी गरी कार्यकम संचालन गर्ने र कार्यकम सम्पन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण समावेश गरी खर्च सहितको प्रतिवेदन तयार गर्नु पर्दछ ।

३. **कार्यकम खर्च खाता :** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्दा कार्यक्रम अभिलेख खाता राख्नु पर्दछ । जसवाट विभिन्न कार्यकममा विनियोजन भएको रकम भन्दा बढी खर्च हुन सक्ने देखिंदैन । तर कार्यालयले एक उपशिर्षक भित्र धेरै कार्यकम रहेकोमा आन्तरिक नियन्त्रणको लागि कार्यकमगत खर्च खाता नराखेकोले कुनै कार्यकममा विनियोजन भएको भन्दा वढी खर्च भएको छैन भन्ने आधार भएन । एक कार्यकमको रकम अर्को कार्यकममा खर्च हुन नदिन कार्यकमगत खर्च खाता राख्नुपर्दछ ।

४. **तलव वढी खर्च :** निजामती सेवा ऐनमा कर्मचारी कार्यरत रहेको अवधिको मात्र तलव भत्ता खर्च लेख्न पाउने व्यवस्था छ । तर कार्यालयले यो वर्ष अवकाश प्राप्त गरेको २ कर्मचारीको अवकाशपश्चात पनि ४ महिना १५ दिनको रु.१,०६,२८८।– तलव खर्च लेखेको देखिएकोले निजहरुसंग उक्त रकम असुल गर्नुपर्दछ ।

५. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क) मा पाँचलाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था अनुसार

कार्यालयले पि.एच.सि.स्टोर भवन निर्माण गर्न तीन निर्माण व्यवसायीसंग दररेट माग गरेकोमा घटीवाला एक कन्स्ट्रक्सनकोमूल्य अभिवृद्धि कर समेत रु.४,७४,७६४।९८ को दरभाउपत्र २०७२।९।२२ मा स्वीकृत गरि २०७२ चैत्र मसान्तसम्ममा कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा पेश भएको विल, नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा समेत कुन मितिमा कार्य सम्पन्न भयो खुलाएको छैन । शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयले २०७३।३।८ मा मात्र भुक्तानीको लागि विल पठाएकोले उक्त कार्य सोही मितिमा सम्पन्न भएको मान्नु पर्ने देखिन्छ । निजले सम्पन्न गर्नुपर्ने अवधी २०७२ चैत्र मसान्तवाट सम्पन्न गरेको अवधी २०७३ आषाढ ८ सम्म ढिला दिन ७० को सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) वमोजिम सम्झौता रकम रु.४,२०,१४६।– (मूल्य अभिवृद्धि कर वाहेक) को प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतले हुने रु.१४,७०५।– पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

६. **अनावश्यक पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा साठीलाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूहवाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । जस अनुसार कार्यालयले शहरी स्वास्थ्य क्लिनिकडुम्री निर्माण कार्य गर्न रु. १७,९७,९२७।२७ को लागत अनुमान तयार गरी रु.१४,२५,०००।– नेपाल सरकारको अनुदानवाट व्यहोर्ने गरी उपभोक्ता समिति (अध्यक्ष) संग २०७३।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७३।२।४ मा सम्झौता गरेकोमा सम्झौताको अवधी भित्र डि.पि.सि.को प्लेन्थ लेभलसम्मको मात्र निर्माण कार्य भएको भनि रु. ४,३१,२२०।१९ को विल पेश भएकोमा २५ प्रतिशत उपभोक्ता समूहले व्यहोर्ने अंश रु.१,०७,८०५।०५ कट्टी गरी रु.३,२३,४१५।१४ भुक्तानी दिएको छ । उपभोक्ता समितिसंग भएको सम्झौतामा पेश्की दिने व्यवस्था उल्लेख नगरेकोमा समेत कार्यालयले रु.४,००,०००।– अनावश्यक पेश्की दिई खर्च लेखेको छ । हालसम्म फछ्र्यौट नभएको उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

७. **ड्रेन सेड निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क) मा पाँचलाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले जिल्ला स्वास्थ्य कार्यालय चरिकोटको ड्रेन र सेड निर्माण गर्न भनि मूल्य अभिवृद्धि करसमेत रु.३,५७,४५९।६९ को लागत अनुमान तयार गरि उक्त कार्य एक निर्माण सेवासंग २०७३ आषाढ मसान्तसम्ममा सम्पन्न गर्ने गरी २०७३।३।१२ मा लागत अनुमान बराबरकै रकममा सम्झौता भएको देखिन्छ । निजले उक्त कार्य गरेको भनि मूल्य अभिवृद्धि करसमेत रु. ३,५७,४५९।– को विलसाथ कन्टिन्जेन्सी वापत खर्च भएको भनि रु.२६,३७०।– को खाजा तथा अन्य विल समेत संलग्न भएकोले उक्त विल समेत रु.३,८३,८२९।६९ खर्च लेख्नु पर्नेमा वजेटमा व्यवस्था भएको एकमुष्ट रु.४,००,०००।– नै खर्च लेखेको छ । साथै निर्माण व्यवसायीले पेश गरेको मूल्य अभिवृद्धि करसमेतको विल रकम रु.३,५७,४५९।– मा कट्टी गरेको अग्रीमकर रु.५,१००।– र धरौटी रु.१५,८१६।– समेत कट्टीगरी रु.३,३६,५४३।– भुक्तानी लैजानु पर्नेमा रु.३,५२,७१४।– भुक्तानी लगेकोले वढी भुक्तानी रु. १६,१७१।– असुल हुनुपर्दछ ।

८. **दोहोरो भुक्तानी :** अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम सञ्चालन पुस्तिकामा दोहोरो सुविधा नपाउने उल्लेख छ । तरप.नि.स.अ. एकले राष्ट्रिय स्वास्थ्य तालिम संचालन गर्न लिएको पेश्की रु.५,४३,०००।– पेश्की फछ्र्यौट गर्दासंक्रममण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन तालिममा ११ पदाधिकारीहरुले दैनिक भत्ता लिएको अवस्थामा सोही अवधीमा ३ दिनको रु.५००।– का दरले रु.१६,५००।– भत्तासमेत वुझि लिएको देखिएकोले दोहोरो सुविधा लिएको रु.१६,५००।– असुल हुनुपर्दछ ।

९. **कार्यक्रम विपरित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क मा रकम स्वीकृत वजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्नुपर्ने उल्लेख छ। तर कार्यालयलेएड्स तथा यौनरोग नियन्त्रण कार्यक्रमको लागि विनियोजित वजेटवाट ल्यापटप, प्रिन्टर, क्यामरा र मोटरसाईकल खरिद गरीरु.३,५०,१४०।–खर्च लेखेको नियमित देखिएन ।

१०. **सामूदायिक स्वास्थ्य इकाई :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस कार्यक्रममा रु.२७,६९,६४७– निकासा तथा खर्च गरेकोमा कार्यक्रमको खर्च विभाजन अनुसार खर्च भएको देखिएन । खर्चको लागत अनुमान र नर्म्स निर्धारण गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

११. **कार्यक्रम खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । जस अनुसार कार्यालयले युनिसेफवाट प्राप्त रु.२२ लाख एक जनस्वास्थ्य निरीक्षकले २०७३।३।१३ मा पेश्की लिई २०७३।३।३१ मा फछ्र्यौट गरी फांटवारी साथ रु.१८,७८,६२५।– खर्च जनाई रु.३,२१,३७५।– ख/६ खातामा जम्मा गरेको छ ।

१२. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ। तर एन.एच.एस.एस.पि.बाटदुई अस्पतालका नाममा एम्वुलेन्स संचालनको लागि गएको पेश्की रु.१,००,०००।– आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ ।

१३. **मौज्दात रकम फिर्ता :** कार्यालयले प्राप्त अख्तियारी अनुसार खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले विनासकारी भूकम्पवाट क्षतिग्रस्त हेल्थपोष्टहरुको मर्मत सम्भारको लागि रु.२५ लाख पठाएकोमा रु.६,२५,०००।– मात्र खर्च भई रु.१८,७५,०००।– मौज्दात रहेको देखिन्छ। उक्त मौज्दात रकम मन्त्रालय फिर्ता गर्नुपर्दछ।

१४. **वढी खर्च :** वार्षिक लक्ष्य अनुसार कार्यक्रम संचालन गरी रकम खर्च गर्नु पर्दछ। यस कार्यालयको वार्षिक कार्यक्रममा ५१ स्वास्थ्य संस्थामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु १२२० जना र ४ नगरस्वास्थ्य क्लिनिकमा कार्यरत ३६ समेत १२५६ जनालाई पोशाक भत्ता वापत रु.६,०००।– का दरले रु.७५,३६,०००।– खर्च लेख्नु पर्नेमा नगर स्वास्थ्य क्लिनिक तर्फका स्वयं सेविकाहरु ३६ जनाको पुर्नजागरण कार्यक्रमवाट रु.२,१६,०००।–खर्च लेखेको देखियो । यस कार्यक्रमवाट बाँकी १२२० जनाको रु.७३,२०,०००।– मात्र खर्च लेख्नु पर्नेमा रु.७३,५६,०००।– खर्च लेखेकोले वढी खर्च लेखेको रु.३६,०००।– असुल हुनुपर्दछ ।

१५. **निर्देशिकाको पालना :** कार्यक्रमकार्यान्वयन कार्यविधि निर्देशिका, २०७२।७३ अनुसार शहरी स्वास्थ्य केन्द्र सन्चालन गर्नको लागि प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण कार्यक्रममा रु. १८,२०,०००।– वजेट व्यवस्था भई जिल्लास्तरमा संचालन हुने ५ वटा शहरी स्वास्थ्य केन्द्रमा हे.अ. वा अ.हे.व. १ जना, स्टाफ नर्स वा अ.न.मि १ जना, कार्यालय सहयोगी १ जना समेत प्रति स्वास्थ्य केन्द्रमा ३/३ जना रहने गरी जनशक्ति व्यवस्थापन गर्नु पर्नेमा कार्यालयले अ.हे.व.१ र अ.न.मि. १ जना २०७२ कार्तिकवाट नियुक्ति गरेकोछ भने कार्यालय सहयोगी नियुक्ति गरेको पाइएन । निर्देशिका अनुसार उक्त जनशक्ति आर्थिक वर्षको शुरु अर्थात २०७२ श्रावणवाट नियुक्ति गरी शहरी स्वास्थ्य केन्द्र प्रभावकारी रुपमा संचालन गर्नुपर्नेमा ३ महिना पछि कार्तिक महिनावाट मात्र २ जना (

अ.हे.व.र अ.न.मि) नियुक्ति गरी रु. ११,३९,२२२।– खर्च लेखेको पाइयो । कार्यक्रममा प्रयाप्त वजेट व्यवस्था हुंदाहुंदै तोकिएको समयमा आवश्यक जनशक्ति नियुक्ति नगरेवाट वार्षिक कार्यक्रम र कार्य सन्चालन विच तालमेल भएको पाइएन । अतः निर्देशिकाको पालना गरी कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

१६. **भरपाई वेगर खर्च :** वार्षिक कार्यक्रम अनुसार नियुक्ति भएका अ.न.मि.हरुलाई निजहरुको पारिश्रमिक भुक्तानी गर्दा सम्बन्धित कर्मचारीहरुको भरपाई गराएर मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा १० कर्मचारीहरलाई विभिन्न महिनाहरुको पारिश्रमिक हस्तेवाट रु.२,८४,५८२।– वुझाएको र कसले हस्ते गरी वुझेको हो स्पष्ट नाम उल्लेख छैन । यस सम्बन्धमासवै कर्मचारी तलव वुझ्न केन्द्रमा आउन सम्भव नहुने भएकोले एकै व्यक्तिले वुझि वितरण गर्ने गरेको कार्यालयको भनाइ छ । मन्जुरीनामा वा सम्बन्धित कर्मचारीको भरपाई राखेर मात्र खर्च लेख्नु पर्दछ ।

१७. **न्यानोझोला :** सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ८४ अनुसार १० लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा शिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष ३ वटा फर्मवाट पटक पटक गरी ६६१ वटा न्यानो झोला प्रति सेट रु.१,०००।– का दरले खरिद गरी रु. ६,६१,०००।– भुक्तानी खर्च लेखेको छ ।साथै कार्यालयले खरिद गरेको ६६१ वटा न्यानोझोला मध्ये यो बर्ष स्वास्थ्य संस्थामा ६२७ वटा माग फारामवाट वुझाईकार्यालयको जिन्सी खातामा रु.३४,०००।– मूल्य वरावरका ३४ वटा न्यानोझोला बाँकी देखाई जिम्मेवारी सारेको छ भने वुझी लगेका ६२७ वटा न्यानोझोला वितरणको अभिलेख समेत पेश भएन । अतः खर्च भई बाँकी रहेको विवरण स्वास्थ्य संस्थाले आर्थिक वर्षको अन्त्यमा कार्यालयमा पेश गर्नुपर्दछ ।

१८. **ढुवानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ अनुसार लागत अनुमान तयार गरी ढुवानी गर्नु पर्दछ । तर कार्यालयले औषधी, भ्याक्सीन तथा खोप सामाग्री फर्निचर र आवश्यकता अनुसार अन्य सामाग्रीहरु गाडीवाट ढुवानी गर्दा ढुवानी गर्नुपर्ने सामाग्रीहरु के कति हुन एकिन गर्नुपर्ने र कहां देखि कहांसम्म कति दिनको लागि गाडी भाडामा चाहिने हो निर्क्यौल गरी सकेपछि ढुवानी दररेट लिई सवै भन्दा घटी दररेट पेश गर्ने सवारी धनीसंग सम्झौता गर्नु पर्ने हुन्छ । सम्झौता अनुसार ढुवानी भएको मालसामानको हस्तान्तरण फाराम मार्फत पठाउन पर्ने र कुन स्वास्थ्य संस्थाले वुझि लिएको हो, सामान प्राप्ती तथा जिन्सी दाखिलाको प्रमाण समेत पेश गर्नु पर्ने हुन्छ । कार्यालयले औषधी तथा सामाग्री ढुवानीको लागि निश्चित रकम तोकि सम्झौतासम्म गरेको पाइयो । तर कहा देखि कहांसम्म कति दिनको लागि गाडी भाडामा लिने हो उल्लेख गरेको पाइएन । ढुवानी भएको स्थानमा औषधी दाखिलाको प्रमाण समेत संलग्न नगरी ५ पटकको ढुवानी भाडा वापत रु.१,१७,०००।– खर्च लेखेको छ ।

१९. **वढी खर्च :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी रकम खर्च गर्नु पर्दछ । तर कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा यो वर्ष कूल ७७० जनाले प्रसुती सेवा लिएकोमा सामान्य ६५८, जटिल २, CS १०८, रेफर २ 4ANC सेवा ७७ जनाले लिएको देखिन्छ । सेवाग्राहीलाई यातायात तथा प्रोत्साहन भत्ता वापत रु.११,८५,८००।– र संस्थागत तर्फ रु.१४,२०,०००।– समेत कूल रु.२६,०५,८००।– खर्च लेखि भुक्तानी गरेको छ । स्वास्थ्य केन्द्रले रकम माग सहित पेश गरेको अनुसुची अनुसार २०७२ आश्विन महिनामा ९ जना CS देखाएकोमा १ जना सामान्य प्रसुती सेवालाई समेत CS देखाई भुक्तानी भएको पाइयो । सामान्य प्रसुती वापत

संस्थागत मूल्य रु.१,०००।– मात्र हुनेमा CS देखाई रु.७,०००।– खर्च लेखेकोले वढी खर्च लेखेको रु.६,०००।– सम्बन्धित संस्थावाट फिर्ता लिई दाखिला हुनुपर्दछ ।

२०. **पेश्की फछ्र्यौट :** आर्थिक कार्याविधि नियमावली ,२०६४ को नियम ३६(३) बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ ।स्वीकृत वार्षिक कार्यक्रम अनुसार एकिकृत प्रजनन तथा महिला स्वास्थ्य कार्यक्रम अर्न्तगत दोश्रो चौमासिकमा सञ्चालन गर्नु पर्ने म.स्वा.से हरुको पहिलो अर्ध वार्षिक समिक्षा वैठक ५५ वटा स्वास्थ्य संस्थाहरुमा संचालन गरी एक प.नि.सु.अ.ले रु.१६,१४,१६५।– पेश्की फछ्र्यौट गरेकोमा निम्न व्यहोरा देखिएका छन्:-

२०.१. दुई स्वास्थ्य संस्थाका नाममा रु.३९,९९०।– खर्च देखाएकोमा उक्त संस्थाका प्रमुखहरुले रकम वुझि लिएको देखिएन ।

२०.२. पेश्की फछ्र्यौटका लागि पेश भएको फांटवारी अनुसार ५५ वटा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु र म.स्वा.से हरु समेत १४८७ को उपस्थिति भएकोमा कर्मचारी (का.स.वाहेक) म.स्वा.से लाई दैनिक रु.४००।– ले दिन २ को रु.८००।– का दरले १४३२ जनाको हुने रु.११,४५,६००।–, का.स. ५५ जनालाई दैनिक रु.१५० ले दिन २ को रु.३००।– ले हुने रु.१६,५००।– र सवै सहभागीलाई दैनिक रु.१५०।– ले दिन २ को रु.३००।– ले हुने रु. ४,४६,१००।– समेत रु.१६,०८,२००।– खर्चको विल भरपाई पेश भएकोले विल भरपाई भन्दा वढी फछ्र्यौट देखाएको रकम रु.५,९६५।– असुल हुनुपर्दछ ।

२०.३. वार्षिक कार्यक्रम अनुसार पुर्नजलिय (ORS)प्याकेट ४०,००,००० गोटा खरिद गर्न रु.२,००,०००।– वजेट व्यवस्था भएकोमा कार्यालयले प्रति प्याकेट रु.८।६२ का दरले २३,२०० गोटा भक्तपुरस्थित एक मेडिकलहलवाट खरिद गरी रु.१,९९,९८४।– खर्च लेखी भुक्तानी गरेको छ । रु.२,००,०००।– ले ४०,००,००० गोटा खरिद गर्ने कार्यक्रम रहेकोमा २३,२०० गोटा अर्थात ११.६० प्रतिशत मात्र किनेको पाइयो । वार्षिक कार्यक्रम र खरिद विच फरक पर्नाको कारण स्पष्ट हुनुपर्दछ ।

२१. **वजेट भन्दा वढी खर्च :** वार्षिक कार्यक्रममा विनियोजित भएको रकम मात्र खर्च गर्नु पर्दछ । तर कार्यालयले वार्षिक कार्यक्रम अनुसार गैर सरकारी संस्था वा सेवाप्रदायक टिम करार गरी २४ घण्टा सिइओसी सेवा सन्चालन गर्न रु.१७,००,०००।– वजेट व्यवस्था भएकोमा कार्यालयले एनेस्थेसिया लगायत ७ जना स्वास्थ्यकर्मिहरुलाई २०७२ पौष महिना देखि २०७३ आषाढ मसान्तसम्म काम काज गर्न करारमा नियुक्ति गरी रु.१७,५४,३७०।– खर्च लेखेकोले स्वीकृत वजेट भन्दा वढी खर्च लेखेको रु.५४,३७०।– नियमसंगत देखिएन ।

२२. **सोझै खरिद :** सार्वननिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्तगरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने, नियम ११ मा खरिद गनुपर्ने लागत अनुमान तयार गनु पर्ने, नियम ८मा खरिद गर्ने माल सामानको प्रकृति अनुसार स्लाईसिंग वा प्याकेजिंग गर्नुपर्ने र लागत अनुमानको रकम अनुसार खरिद विधि छनौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले औषधि खरिद गर्दा विभिन्न शिर्षकमा औषधि खरिदको लागि राखिएको रकम समेटी खरिद विधि छनौट गरेको पाईएन । ब.उ.सि.नं. ३७०८०४३ मा औषघि खरिदको लागि रु.४८,४६,०००।– को कार्यकम स्वीकृत भएकोमा रु.९,७७,७५०।– शिलवन्दी दरभाउपत्रद्धारा र रु. २४,००,०००।– मूल्य वरावरको औषधि बोलपत्रबाट खरिद गरेको छ भने

बाँकी सोझै खरिद गरेको छ । बोलपत्र र सोझै खरिद गर्दा ५ आईटममा मात्र रु.४२,३५०।– बढी मुल्यमा खरिद गरेको पाईएको छ ।

२३. **औषधिको निःशुल्क वितरण :** निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अनुसार निःशुल्क वितरणको लागि बोलपत्र आव्हान गर्दा नै प्रत्येक औषधिमा नेपाल सरकारले**"निःशुल्क वितरणको लागि"** भन्ने उल्लेख गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा भण्डार निरीक्षण गर्दा कतिपय औषधिहरुमा निःशुल्क वितरणको लोगो उल्लेख गरेको पाइएन भने केही औषधीहरुको म्याद समाप्त भएको पाइयो । परीक्षण गरिएको १० आइटम मध्ये ४ आइटममा म्याद नाघेको, २ आइटममा छुट प्राप्त औषधि लेखेको र ४ आइटममा केही उल्लेख गरेको देखिएन ।

२४. **औषधि खरिद :** खरिद कार्य गर्दा कम दरवाट खरिद गर्नु पर्दछ । कार्यालयले मेट्रोनिडिनाजोल ४०० एमजी औषधि एकवाटप्रति ट्यावलेट रु.२।– का दरले १००० ट्यावलेट खरिद गरी रु.२,०००।– खर्च लेखेको छ भने भूषण मेडिकलहल भक्तपुरवाट प्रति ट्यावलेट रु.३ का दरले ३०,००० ट्यावलेट खरिद गरी रु.९०,०००।– खर्च लेखेको पाइयो । एउटै औषधीलाई विभिन्न मूल्यमा खरिद गरिनु र कम मूल्यमा थोरै मात्रा र वढी मूल्यमा धेरै मात्रा खरिद गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । यस सम्बन्धमा छलफल गर्दा औषधी उत्पादक कम्पनी र खरिद मितिले पनि मूल्यमा फरक पर्ने कार्यालयको भनाई छ ।

२५. **असम्बन्धित पेश्की :** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (दोश्रो संशोधन २०६९) को वुंदा नं.४(५) मा निःशुल्क गर्भवती तथा प्रसुती सेवा निरन्तर रुपले उपलव्ध गराउन स्वास्थ्य संस्था व्यवस्थापन समितिले आषाढ मसान्त भित्र पेश्की फछ्र्यौट गर्ने गरी पेश्की लिई खर्च गर्ने व्यवस्था भएकोमा कार्यालयले आमा सुरक्षा कार्यक्रम वापतको रकम भुक्तानी गर्न एक ले.पा.का नाउंमा रु.३१,८९,०००।– नगदै निकाली विभिन्न २८ वटा स्वास्थ्य संस्थावाट पेश हुन आएको फांटवारी तथा भरपाई अनुसार रु.२५,३३,९००।– खर्च लेखी बाँकी रकम रु. ६,५५,१००।– वेरुजू दाखिला गरेको पाइयो । सम्बन्धित स्वास्थ्य संस्था (वर्थिङ्ग सेन्टर) का इन्चार्जका नाउंमा आषाढ मसान्तमा फछ्र्यौट गर्ने गरी पेश्की उपलव्ध गराई रकम भुक्तानी गर्ने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।

२६. **कार्यक्रम संचालन पूर्वको खर्च :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार क्षयरोग कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न रु.९४,०००।– वजेट वाँडफाँड भएकोमा पहिलो र दोश्रो चौमासिकमा क्षयरोग सम्बन्धी कुनै पनि कार्यक्रम सञ्चालन गरेको देखिंदैन । तर कार्यालयका एक क्षे.कु.अ.ले क्षयरोग कार्यक्रमको अनुगमन मूल्यांकन निरीक्षण कार्यक्रम सञ्चालन गर्न भनि २०७२।४।१ देखि ६।२९ सम्म ७ वटा भ्रमण आदेशवाट रु.६२,८००।– र अन्य प्रशासनिक कर्मचारीले रु.३१,२००।– दैनिक भ्रमण भत्ता वापत रकम भुक्तानी लिएको पाइयो । वार्षिक रुपमा अनुगमन मूल्यांकनको लागि वाँडफांड भएको कूल रकम रु. ९४,०००।– नै कार्यक्रम सञ्चालन हुनु अगाडीनै खर्च गरेको पाइयो । कार्यक्रम सन्चालन पश्चात अनुगमन तथा मूल्यांकन गर्नुपर्नेमा कार्यक्रम संचालन गर्नु भन्दा पहिलेनै वार्षिक रकम खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

२७. **तलव भत्ता भुक्तानी :** निजामती सेवा ऐनमा कर्मचारी कार्यरत रहेको अवधिको मात्र तलव भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । तर सुष्पाक्षमावती स्वास्थ्य चौकीमा कार्यरत एकहेल्थ असिस्टेन्टलाई कार्यालयको च.नं.२१२ २०७२।५।३१ को रमाना पत्रानुसार निज जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा सरुवा भई गएको र रमाना पत्रमा निजको २०७२ आषाढ मसान्तसम्मको तलव भत्ता लिएको उल्लेख छ । सरुवा भएकी निज हे.अ.का नाममा २०७२ श्रावण र भाद्रको तलव भत्ता

वापत रु.४६,१४८।– खर्च लेखेकोमा रमाना पत्रमा उल्लेख भएको मिति भन्दा पछाडी महिनाको भुक्तानी भएको सम्बन्धमा छलफल गर्दा निजले रमाना २०७२ आषाढमा नै तयार गरेको तर निज पछि मात्र भक्तपुरमा हाजिर हुन गएकोले भक्तपुरवाट तलव भत्ता खर्च नलेखिएको भन्ने कार्यालयको भनाई रहेतापनि निजले उक्त दुई महिना (श्रावण भाद्र) को तलव भत्ता जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरवाट नलिएको प्रमाण पेश हुनु पर्ने अन्यथा २ महिनाको तलव भत्ता रकम असुल हुनुपर्दछ ।

२८. **खर्च शीर्षक फरक :** कार्यालयले सम्बन्धित शीर्षकमा विनियोजित रकम मात्र खर्च लेख्नु पर्दछ । तर औषधी र कार्यालय सामानहरु खर्च शिर्षक फरक पारी अन्य सेवा शुल्कवाट औषधि रु.५,६६,४५७।– र कार्यालय सामान रु.१,४९,९९९।– समेत रु.७,१६,४५६।– खर्च लेखिएकोले सो खर्च नियमित देखिएन ।

२९. **वढी भुक्तानी :** अतिरिक्त समय वसेको दिन गणना गरी रकम खर्च लेख्नु पर्नेमा कार्यालयलेप्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ३ जना मेडिकल अधिकृतहरुको २०७२ फागुन देखि २०७३ आषाढ महिना सम्म संचित अतिरिक्त सेवा विदाको रकम भुक्तानी गरेकोमा पेश भएको हाजिरी रेकर्ड भन्दा १७ दिन वढीको भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रु.१५,३००।– असुल हुनुपर्दछ

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन माथि तोकिएको अवधिभित्र मर्मत सम्भार वा लिलाम बिक्रीको कारवाही भएको देखिएन, व्यक्तिगत धरौटी खाता राखेको देखिएन, अनुसूची १४ तयार गरेको देखिएन, शुसासन नियमावली ,२०६५ वमोजिम तालुक कार्यालयले अनुगमन नगरेको, म.ले.प.फा.नं.२ को अभिलेख खडा गरी नराखेको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, रसिद नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **रजिष्ट्रेशन :** रजिष्ट्रेशन दर्ता कितावमा रजिष्ट्रेशन पारित भएपछि रजिष्ट्रेशन नम्वर र रकम वुझाएको रसिद नम्वर ३९११–३९४२, ३९५५–३९८१ स्पष्ट देखिने गरी चढाउनु पर्नेमा चढाएको देखिएन । तसर्थ यसमा आवश्यक सुधार हुनु पर्दछ ।

३. **जग्गाको न्यूनतम मूल्य निर्धारण :** मालपोत कार्यालयले प्रत्येक वर्ष जग्गाको मूल्यांकन गर्नु पर्दछ । जस अनुसार जग्गाको न्यूनत्तम मूल्यांकन सम्बन्धी अवधारणा निर्देशिकामा शहरी र नगर उन्मुख स्थानहरुको विभिन्न प्रकारका सडक, खानेपानी, ढल, टेलिफोन आदी सुविधाको जानकारी संकलन गर्न मालपोत र नापी कार्यालयका कर्मचारी खटाई उक्त सुविधा प्रिन्ट नक्सामा रेखांकन गरी प्रतिवेदन लिने, स्थानीय जनप्रतिनिधि र कारोवारमा संलग्न व्यक्तिहरुवाट प्रतिवेदन लिने, फिल्डवाट संकलित मूल्यको तुलना बैंक तथा वित्तिय संस्थाहरुमा धितो राखेको मूल्य संग गर्ने, निर्माण कार्य संचालन गर्ने सरकारी तथा गैर सरकारी निकायहरुवाट मूल्य सम्बन्धी सूचना संकलन गर्ने, चलन चल्तीको किनवेच मूल्य विचार गर्ने, घडेरी जग्गाको कित्ता अनुसार भौतिक सुविधाको आधारमा विगत र वर्तमानको मूल्य विवरण तयार गर्ने, लिखतको मूल्य भिडाउने आदि प्रक्रियाहरु पुरा गरी जग्गाको न्यूनत्तम मूल्य निर्धारण गर्नु पर्नेमा ती प्रक्रियाहरु पूरा नगरी २०७०।७१ को जग्गाको न्यूनतम मूल्यांकन पुस्तिकालाई आधार लिई यो वर्ष सोही मूल्यांकनको आधारमा जग्गाको कारोवार भएको देखिन्छ ।२०७०।७१ को मूल्यांकनको आधारमा जग्गाको किनवेच हुँदा उठ्नु पर्ने भन्दा कम

राजश्व प्राप्त हुन गएको छ । यस सम्बन्धमा चालु २०७३।७४ मा पून: जग्गाको मूल्यांकन गरिएको कार्यालयको भनाई रहेको छ ।

४. **राजश्व वांडफांड :** रजिष्ट्रेशन वापत प्राप्त रकम कार्यालयले आर्थिक विवरणमा आम्दानी देखाउनु पर्दछ । तर कार्यालयले यस वर्ष रजिष्ट्रेशन वापत प्राप्त गरेको रु.३,२५,४९,३८६।– वाँडफाँड पश्चात राजश्व खातामा दाखिला गरेको रु.१,६७,८४,५७१।– कार्यालयको राजश्व खातामा जम्मा गरी सोही अनुसार आर्थिक विवरण तयार गर्नु पर्नेमा को.ले.नि.का.को खातामा जम्मा गरेको देखियो । जसले गर्दा आर्थिक विवरणमा देखाएको राजश्व आम्दानीले कारोवारको यथार्थ चित्रण गरेको छैन । तसर्थ राजश्व रकम कार्यालयको आम्दानी देखिने गरी आर्थिक विवरण तयार गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

५. **रजिष्ट्रेशन लिखत :** आर्थिक अध्यादेश, २०६७ ले आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) को गैह्र व्यवसायी कर योग्य सम्पत्ती अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूंजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असूल गर्ने व्यबस्था गरेको छ । तर कार्यालयमा सेवा ग्राहिबाट लाभकर छल्ने उद्देश्यबाट जग्गाको थैली राख्ने क्रममा रु.३० लाखको सिमालाई आधार बनाएर केही रकममात्र कम गरी ४ व्यक्तिको रु.२९,००,०००।– देखि रु.२९,९०,०००।– सम्म थैली राखी रजिष्ट्रेशन लिखत पारित गरेको देखिएको छ ।

## पशु विकास फार्म

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना तयार नभएको,प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,घर जग्गाको लगत राखे पनि मूल्य खुलाई नराखेको, पुराना मालसमानको मूल्य नखुलेको, साथै लिलाम सम्बन्धी कारवाही नगरेको, रसिद नियन्त्रण खाता नराखेको साथै राजश्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको जस्ता व्यहोरा देखिएकाछन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **राजश्व :** कार्यालयले आम्दानीको लगत राख्नु पर्ने व्यवस्था छ । तर कार्यालययबाट प्राप्त विवरण अनुसार यस वर्ष गाई, बाच्छा, गाईको दुध, बंगुर, बंगुरको पाठापाठी र घाँसको बीउ लगायत बिक्री वापत रु.३९,८६,७६५।– राजश्व आम्दानी भएको पाइयो ।कार्यालयले गाई, बंगुरको उत्पादन लागत अभिलेख राखेको पाइएन । उत्पादन लागत अभिलेख नराखेको कारण उत्पादन खर्च र आम्दानी बीच विश्लेषण गर्ने आधार नभएको हुँदा उक्त अभिलेख अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ । यस सम्बन्धि व्यहोरा विगतकै प्रतिवेदनमा औल्याइएको भएपनि स्थिति यथावत छ ।

३. **सोझै खरिद :** सार्बजनिक खरिद नियमाली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले वार्षिक १० लाख भन्दा बढी रकमको मालसामान खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नुपर्ने व्यबस्था रहेको छ । यसबर्ष पशु विकास फार्मले दाना खरिद गर्दा खरिद इकाई स्थापना र बार्षिक खरिद योजना तयार गरेको छैन । साथै नियममा भएको व्यबस्था अनुसार वोलपत्र वा शिलवन्दि दरभाउपत्रको माध्यमवाट पूर्ण प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा पटक पटक गरी सोझै रु.४६,८६,९३०।– को दाना खरिद गरेको छ ।

४. **घाँस वीउ खरिद :** फार्मले सम्भव भएसम्म सरकारी फर्महरुवाटै उत्पादित घाँसको विउ खरिद गर्नु पर्नेमा सो नगरी विभिन्न व्यक्तिहरुको ठाडो भरपाईवाट ३ पटकमा रु.९२,०००।– को घाँसको विउ खरिद गरेको देखिन्छ। यस प्रकारको खरिद कार्य नियमसम्मत नरहेकोले सुधार हुनु पर्दछ।

५. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा वढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नमिल्ने व्यवस्था रहेकोमा कार्यालयले सो व्यवस्था पालना नगरी एकै फर्मसंग २ पटक रु.२,८७,४४६।– को निर्माण कार्य सोझै गराएको छ।

६. **निर्माण कार्य सम्पादन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा वोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने व्यवस्था गरेको छ। फार्मले ३भिन्दा भिन्दै निर्माण कार्य गर्न २०७२।१२।२७ मा वोलपत्रको सूचना प्रकाशित गरेकोमा म्याद भित्र दर्ता भएका वोलपत्र मध्ये घटिवाला निर्माण व्यवसायीको रु.४५,९५,७४७।४० को वोलपत्र स्वीकृत गरी सम्झौता गरेको छ। सम्बन्धित ३ निर्माण व्यवसायीसंग निर्माण कार्य २०७३ आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौताको अवधी भित्र प्रथम रनिङ विलको मात्र रु.१०,८०,६४१।५६ भुक्तानी भएको छ। सम्झौताको अवधी समाप्ती पश्चात अवधि थप भएको समेत देखिएन। तसर्थ निर्माण कार्य समयमै सम्पन्न गर्ने तर्फ आवश्यक ध्यान दिनुपर्दछ।

७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेको छ। दुई निर्माण व्यवसायीहरुले लिएको पेश्की रकम रु.१०,६८,८७४।– आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण नभएको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान नगरेको, सञ्चालित कार्यक्रम, आयोजनाको समयमा अनुगमन मूल्याकंन गरी प्रतिवेदन तयार नगरेको, आर्थिक कारोबारको संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको, मालसामान खरिद गर्दा स्पेसिफिकेशन तयार नगरी खरिद गरेको जस्ता व्यहोरा देखिएकाछन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ।

२. **भत्ता भुक्तानी :** जिल्ला परिषद्को वैठकवाट निर्णय गराएर मात्र सुविधा थप गर्नु पर्नेमा सो नगरीसचिवालयका कर्मचारीहरुलाई जिल्ला भित्र भ्रमण गर्दा दैनिक तथा भ्रमण भत्ताको सट्टा सवै कर्मचारीहरुलाई मासिक रुपमा एकमुष्ट रु.२,०००।– अन्य भत्ता वापत भुक्तानी दिइदै आएकोमा २०७३।३।२७ को स्थानीय विकास अधिकारीको निर्णयले पछि परिषद्को वैठकवाट अनुमोदन गर्ने गरी २०७३ जेष्ठ महिना देखि मासिक रु.३,०००।– वृद्धि गरी २०७३ जेष्ठ र आषाढ महिनामा ८ जना कर्मचारीहरुलाई थप सुविधा वापत रु.४८,०००।– भुक्तानी गरेको पाइयो। उक्त वृद्धि रकम परिषद्को वैठकवाट अनुमोदन गरेको छैन ।

३. **सम्झौता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समितिवाट कार्य गराउँदा सम्झौता गर्नुपर्ने उल्लेख छ। तर सचिवालयलाईजिल्ला भित्रका योजनाहरु सञ्चालन

गर्नका लागि रु.१२,००,०००।– वजेट विनियोजन भएकोमा रु.१०,२५,२८०।– खर्च भएको पाइयो । सो मध्ये २ आयोजनालाई बाँडफाँड अनुसारको रु.१,७२,८००।– निकासा दिंदा सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता गरेको प्रमाण पेश हुन आएन आएन ।

४. **गरिबसँग विश्वेश्वर कार्यक्रम :** गा.वि.स ४ र स्थानीय विकास कोष तर्फ ३ गाविस गरी जम्मा ७ गाविसको गत आर्थक वर्ष सम्म ४५वटा समूहहरुमा रु.५,९६,३८५।– लगानी रहेकोमा २ वटा संस्था दनेवाली,आलम्पु रु. १२,०००।–र सिन्दुकी, आलम्पु रु.१२,०००।– साँवा फिर्ता गरेकोले ७ गा.वि.स.को ४३ वटा संस्थामा रु.५,७२,३८५।– लगानी बाँकी रहेको पाइयो ।स्थानीय विकास कोषको सचिवालयले ब्याज गणना गरी उठ्न बाँकी ब्याज हिसाब तयार गरेको देखिएन । तसर्थ समूहहरुबाट भाखा नाघेको सावाँ तथा व्याज असुल गर्ने तर्फ सचिवालयले ध्यान दिनुपर्दछ ।

५. **सामुदायिक विकास कोष** : १० गाविसमा लगानी रहिरहेको रु.१३,५९,८२४।– र थप लगानीबाट रु.२६,४०,१७६।– गरी कूल रु.४०,००,०००।– ऋण पुँजीका लागि अनुदान दिईएको पाइयो । उक्त रकम सामुदायिक विकास कोषको तर्फबाट समूहलाई ऋण लागानी गरी सावाँ व्याज असुल गर्नुपर्ने र सोको अनुगमन गाविस र स्थानीय विकास कोषबाट हुनुपर्ने व्यवस्था छ ।गाउं विकास समिति र स्थानीय विकास कोषबाट अनुगमन भएको नपाइएकोले सामुदायिक विकास कोषको तर्फबाट समूहलाई ऋण लगानी गरिएको रकमको सावाँ व्याज असुल भए/नभएको एकिन गर्न सकिएन । अत गा.वि.स. र स्थानीय विकास कोषको तर्फबाट नियमित अनुगमन गरी ऋण लगानी र साँवा ब्याज असुली सम्बन्धमा सुनिश्चत गर्नु पर्ने र सोको लेखापरीक्षण गरी/गराई हिसाव राख्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैंक मौज्दात फरक :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयको आय–व्यय विवरणमा स्रेस्ता बमोजिम रु.३,८१,४१,५८५।४४ मौज्दात देखिएकोमा पेश भएको बैंक व्यालेन्स सर्टिफिकेटबाट रु.७,८५,३७,८७९।२८ मौज्दात देखिएवाट बैंकमा रु.४,०३,९६,२९३।८४ बढी देखिएको सम्बन्धमा कार्यालयले बैंक रिकन्साइल विवरण तयार गरेको छैन । उक्त रकममा २०७३ आषाढ मसान्त सम्म काटिएका चेक भुक्तानी नभएको रकम समेत समावेश भएको भन्ने कार्यालयको भनाई रहेतापनि म.ले.प.फा.नं.१५ तयार नगरेकोले रकम एकिन गर्न सकिएन । अतः वैंक हिसाव विवरण तयार गरी मौज्दात एकिन हुनु पर्दछ ।

२. **प्रतिवेदन कार्यान्वयन** : कार्यालयको गत बर्षको लेखापरीक्षणमास्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६०(१) बमोजिम तोकिएका अनुसूचि प्रयोग नभएको,प्राविधिकहरुबाट इष्टिमेट, मूल्याकन र कार्यसम्पन्न प्रतिवेदन जस्ता प्राविधिक प्रतिवेदन नियमानुसार जाँच गर्ने, स्वीकृत गर्ने तथा फाराममा व्यवस्था भएका सबै विवरण खुल्ने गरी अभिलेख व्यवस्थित नगरिएको,मुल्य अभिबृद्धि कर भुक्तानीको जानकारी नदिएको,अन्तर स्रेस्ता सापटीमा नियन्त्रण नभएको,जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा लागत अनुमान तयार नगरेको र उपभोक्ता समितिको बर्गिकरण गरी सूचिकृत नभएको जस्ता व्यहोरामा सुधार भएको पाइएन ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** कुनै पनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन

तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । वार्षिक खरिद योजना वनाएको, सामानको स्पेसिफिकेशन खुलाउने नगरेको, पुराना जिन्सी सामानको मूल्य नखुलाएको, जिन्सी निरीक्षण नगराएको, सम्भावित जोखिमहरु पहिचान नगरेको, अनुगमन अभिलेख नराखेको, वार्षिक कार्य सम्पादन विवरण तयार नगरी तालुक कार्यालयमा नपठाएको लगायतका व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नु पर्दछ ।

४. **प्रमाण कागजात पेश नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले व.उ.शि.नं. ३६५८०१३ तर्फ २ भौचरवाट खर्च लेखेको रु.५६,९००।– को प्रमाण कागजात वेगर भौचरमात्र उठाई खर्च लेखेको पाइयो ।

५. **वढी भुक्तानी :** निजामती सेवा ऐन अनुसार निमित्त भत्ता भुक्तानी गर्दा एक तह माथीको शुरु स्केलवाट गणना गर्नु पर्ने उल्लेख छ । तर एक निमित्त स्थानीय विकास अधिकारीलाई निजले खाईपाई आएको ग्रेड समेत समावेश गरी पाउने भन्दा रु.२,८२७– वढी भुक्तानी दिएकोले सो रकम असुल गर्नु पर्दछ ।

६. **ह्यूमपाइएप खरिद :** उपभोक्ता समितिसंग सम्झौता भए अनुसार कार्य हुनु पर्दछ । तर कल्पाते खोलामा ह्यूम पाईप विछ्याउने कार्यको लागि सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भएकोमा कार्यालयलेनैं ह्यूमपाईप खरिद गरी मूल्य अभिवृद्धि करसमेत रु.१,४९,२८८।– भुक्तानी दिएको देखिन्छ । उक्त पाईप गा.वि.स.लाई हस्तान्तरण भएतापनि सम्बन्धित स्थानमा पाईप प्रयोग भएको प्रमाण पेश हुन आएन ।

७. **कर दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ३ मा राजश्व दाखिला र राजश्व लेखा राख्नु पर्ने व्यवस्था छ । जस अनुसार तालिम दिए वापत एक कर्मचारीले लिएको पेश्की फछ्र्यौट गर्दा कट्टा गरेको रु.२,०५०।– अग्रिम कर दाखिला गरेको छैन ।

८. **शीर्षक फरक पारी खर्च :** सम्बन्धित कार्यक्रममा विनियोजित रकम खर्च लेख्नु पर्दछ । तर कार्यालयलेरोयल्टी तर्फ विनियोजन भएका ४ सडक निर्माण कार्यमा रु.३,२०,०००।– शीर्षक फरक पारी स्थानीय यातायात पूर्वाधार क्षेत्र शीर्षकवाट भुक्तानी दिएको पाइयो ।

९. **घटी खर्च :** जिल्लाका भूकम्प क्षेत्रका जनतालाई पुन:र्निमाण कार्यको लागि रकम वितरण गर्न यस वर्ष रु.२,४८,८२,००,०००।– वजेट व्यवस्था भएकोमा रु.४२,०२,५०,०००।– निकासा तथा खर्च भएको देखाएतापनि सो रकममा रु.१८,२३,५०,०००।– वेरुजू खाता दाखिला भएको समेतका आधारमा वास्तविक खर्च रु. २३,७९,००,०००।– मात्र भएको देखियो ।

१०. **वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । भूकम्प प्रभावित क्षेत्र अर्न्तगतका २ गा.वि.स.का १०८८ परिवारलाई रकम वितरण गर्न एक विकास वैंकमा रु.५,४४,००,०००।– पठाएकोमा एक गा.वि.स.मा वास्तविक भन्दा १० परिवारको रकम जम्मा गरेको रु.५,००,०००।– फिर्ता हुनुपर्ने, अर्का एक गा.वि.स.मा ४० परिवारको विवरण पेश नगरी २० लाख खर्च देखाएको, को.ले.नि.का को एकल कोष खातावाट देखिएको भन्दा ४० परिवारलाई रु.२०,००,०००।– वढी वितरण गरेको देखाएको रकम र लाभग्राहीको विवरण वेगर २१ परिवारको नाममा जम्मा भएको रु.१०,५०,०००।– समेत जम्मा रु.५५,५०,०००।– फिर्ता दाखिला हुनुपर्दछ ।

११. **मूल्य अभिवृद्धि करमा दर्ता नभएकासंग खरिद :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने ४ संस्था एवं आपूर्तकवाट छपाई तथा सन्देश प्रशारणको कार्य मूल्य अभिवृद्धि करमा दर्ता नभएकासंग खरिद गरि जम्मा रु.२,००,०००।– खर्च लेखेको छ । यसमा आवश्यक सुधार हुनु पर्दछ ।

१२. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था छ । तर कार्यालययले ४ निर्माण व्यवसायीसंग भवन निर्माण कार्य तोकिएको मितिमा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजहरुले उक्त निर्माण कार्य सम्झौता अवधी भित्र सम्पन्न नगरी ढिला कार्य गरेको कार्य सम्पन्न प्रतिवेदनवाट देखिएकोले वढी दिनको उल्लेखित नियम अनुसार सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले रु.५९,२४९।– पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ ।

१३. **कर विजक :** मूल्य अभिवृद्धिकर नियमावली अनुसार रु.५ हजार भन्दा वढीको सामान खरिद तथा निर्माण कार्य गराउंदा मूल्य अभिवृद्धिकर विजकको आधारमा खर्च लेख्नु पर्नेमा एक निर्माण सेवाले मार्वु गा.वि.स. भवन निर्माण कार्य गरे वापत दोश्रो तथा अन्तिम विल रकम रु.८३,८६७२५ र मूल्य अभिवृद्धि कर रकम रु.१०,९०२।– समेत रु.९४,७७०।– भुक्तानी लगेकोमामूल्य अभिवृद्धि कर विजक वेगर भुक्तानी दिएको पाइयो । यसैगरी साना सिंचाई र नेपाल पर्यटन वोर्डतर्फको ५ भुक्तानीको रु.१०,४८,७७१।– को कर विजक वेगर खर्च लेखेको पाइयो ।

१४. **कन्टीन्जेन्सी खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा कन्टिन्जेन्सी वापत खर्च रकमको ४ प्रतिशत रकम मात्र कट्टा गर्न पाउने उल्लेख छ । तर एक गा.वि.स.को भवन निर्माणमा रु.८,००,०००।– विनियोजन भए अनुसार ४ प्रतिशतले हुने रु.३२,०००।– कन्टिन्जेन्सी खर्च कट्टी गरिएको छ । तर उक्त भवनलाई रु.१,३२,०००।– पेश्की मात्र उपलब्ध गराइएकोमा पनिरु.३२,०००।– कन्टीन्जेन्सी खर्च लेखेकोले सो रकम फिर्ता दाखिला हुनुपर्दछ ।

१५. **वढी खर्च लेखेको :** वार्षिक कार्यक्रममा तोकिए अनुसार वजेट खर्च गर्नु पर्दछ । तर कार्यालयलेनाम्दु–घिमिरेटार–पाइले–मिर्गे सडकको लागि रु. १,९५,०००।– मात्र वजेट भएकोमा कार्य सम्पन्न प्रतिवेदनमा रु.३,०३,९४१।८४ को कार्य भएको देखाई रु.२,६५,६४३।– कार्यालयले खर्च लेखेको छ । रोयल्टी तर्फवाट भुक्तानी दिनु पर्ने रकम यस शिर्षकवाट खर्च लेखिन गएको भन्ने कार्यालयको भनाई छ । तसर्थ उक्त वढी खर्च लेखेको रु.७०,६४३।– रोयल्टीवाट खर्च लेखि असुल हुनु पर्दछ । यसै गरी सुनखानी, थामीचाँगु साङवा सडक दोलखालाई रु.१५,०६०।– रगोपि जोरमाने दावजा देउराली जुरेपानी सडकलाई वढी भुक्तानी भएको रु.१४,९६०।– समेत जम्मा रु.३०,०२०।– असुल हुनुपर्दछ ।

१६. **शीर्षक फरक पारी खर्च गरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार खर्च गर्न रकम स्वीकृत वजेट भित्र र सम्बन्धीत खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको निकासा दिनु पर्ने व्यवस्था भएकोमा कार्यालयले संस्कृति प्रवर्धन कार्यक्रम ( व.उ.शि.नं.३२५११३) मा कालीन्चोक मन्दिरको लागि रु. २,००,०००।– फिर्ता गरेको पाइयो भने उक्त मन्दिरको संरक्षण तथा प्रवर्धन कार्यका लागि पर्यटन पूर्वाधार विकास आयोजना ( व.उ.शि.नं.३२५१०६४) मा वचत हुन गएको रकमवाट खर्च लेखी रु.१,९२,०००।– भुक्तानी दिएको

छ । सम्बन्धित वजेट उपशिर्षकवाट खर्च नलेखी अन्य उप शीर्षकवाट खर्च लेखेको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम विपरित देखिएको छ ।

१७. **सार्वजनिक सुनुवाई :** जिल्ला विकास समितिवाट रकम बाँडफाँड भई उपभोक्ता समुहवाट संचालन भएका आयोजनाहरु स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०१ वमोजिम आयोजना संचालन गर्ने उपभोक्ता समूहले आयोजनामा भएको खर्चको सार्वजनिक सुनुवाई गरी जाँचपास र फरफारकका लागि सम्बन्धित जिल्ला विकास समितिमा प्रतिवेदन दिनु पर्नेमा रु.१,००,०००।– को २ आयोजनाहरुको सार्वजनिक सुनुवाई गरेको पाइएन । नियमले व्यवस्था गरे अनुसार सार्वजनिक सुनुवाई हुनु पर्दछ ।

१८. **वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । ठुलोपातल स्वास्थ्य चौकी खानेपानीको सम्पन्न नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा रु.१,१६,२२४।– को मात्र कार्य भएको देखिन्छ । तर कार्यालयवाट रु.१,२४,३८१।– भुक्तानी खर्च लेखेको छ । जनसहभागिता रकम १० प्रतिशतले रु.११,६२२।– र खुद काम भएको भन्दा वढी भुक्तानी रु.८,१५७।– समेत रु.१९,७७९।– सम्बन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ । यसैगरी गरिवसंग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकहरुको छनौटका लागि गठित छनौट समिति र अन्तर्वाता टोलीको वैठक तथा अन्तर्वाता लिए वापत ४ पदाधिकारीलाई २०७३।२।२० गते विहान ९ वजे २ पटकको र अपरान्ह ५:३० वजे १ पटक गरी एकै दिन ३ पटकको वैठक भत्ता लिएको देखिन्छ । एकै दिन १ पटकमात्र वैठक भत्ता भुक्तानी लिनु पर्नेमा २ पटकको वढी भुक्तानी रु.८,०००।– समेत असुल हुनु पर्दछ ।

१९. **प्रमाण :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा रु.६० लाख सम्मको खरिद कार्य उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । जस अनुसार गुम्वा विकास समिति र गा.वि.स. विच कार्य सम्झौता भई कार्य सम्पन्न भएको शिफारिसमा गा.वि.स.वाट आएपछि सम्बन्धित गा.वि.स.को खातामा जम्मा हुने गरेको देखियो । तर सम्बन्धित उपभोक्ता समितिले वुझेको देखिने प्रमाण कागजात पेश हुने गरेको पाईएन ।

२०. **टहरा निर्माण :** उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार रकम भुक्तानी दिनु पर्दछ । सौगाजालिङ्ग शैलुङ वौद्ध गुम्वाको टहरा निर्माण गर्न २०७२।११।८ मा सम्झौता भएकोमा २०७३।३।२४ मा रु. १,१२,३००।– को निर्माण सामाग्री मात्र ल्याएको विल संलग्न राखी कार्यालयले रु. ९६,०००।– भुक्तानी खर्च लेखेको छ । कार्य सम्पन्न नभई रकम फ्रिज हुन नदिने उद्देश्यले मात्र खर्च लेख्नु उचित होइन ।

२१. **स्थानीय शान्ति समिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तरजिल्लास्थित ४८ गा.वि.स.लाई रु.२१,८००।– का दरले रु.१०,४६,४००।– २०७३।३।९ मा सम्बन्धित गा.वि.स.को खातामा रकम जम्मा गरेको पाइयो । के कस्तो कार्यमा उक्त रकम रु.१०,४६,४००।– खर्च भएको विल भरपाई पेश हुनुपर्दछ ।

२२. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर एक उपभोक्ता समितिलाई ३२ जना दलित समुदायको सम्वृद्धिमा सरोकारवालाहरुको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम संचालनका क्रममा ६ पेजको प्रतिवेदन तयार गरी प्रिन्ट ११६ पेजको रु.२५।– का दरले रु.२,९००।– र फोटोकपि A4 साईजमा ३६०५ प्रतिको दर रु.५।– ले रु.१८,०२५।– खर्च लेखेकोमा ६ पानाको प्रतिवेदन ४० सेट तयारी

गर्दा २४० प्रति भए पुग्नेमा ३६०५ प्रति फोटोकपि देखाई वढी देखाएको प्रति ३३६५ को रु.५।– ले हुने रु.१६८२५।– वढी खर्च लेखेको रकम असुल हुनु पर्दछ ।

२३. **कार्यविधीको पालना :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्याविधि,२०६९ अनुरुपसामाजिक सुरक्षा कार्यक्रमतर्फ कार्यालयले यो वर्ष ४८ गाउँ विकास समिति र २ नगरपालिकामा रु.१६,०१,८४,६३५।– सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । सामाजिक सुरक्षा निर्देशिका अनुसार आन्तरिक नियन्त्रणको व्यवस्थाको पालना भएको पाइएन ।समयमा भत्ता वितरण नभएको र रोहवरमा वितरण गरेको प्रमाण संलग्न गरेको देखिएन । लेखापरीक्षणको लागि नमूना छनौटमा परेका गा.वि.स.ले भत्ता वितरण गरेको भरपाई जोड जम्मा गर्दा सुनखानी गा.वि.स.को तेश्रो किस्ताको भत्ता रकम वितरणमा भरपाईको पेज नं.५२ र ५५ मा क्रमश रु.२,०००।– र ४,०००।– गरी रु.६,०००।– र त्यस्तै भेड्पु गा.वि.सको तेश्रो किस्ता वितरण गर्दा भरपाई जोडजम्मा रु.१२,२०,०००।– मात्र खर्च लेख्नु पर्नेमा रु.१२,२४,४००।– खर्च लेखेकोले वढी भुक्तानी भएको रु.४,४००।– समेत रु.१०,४००।– असुल गर्नु पर्दछ । त्यसैगरी अन्य गा.वि.स.र न.पा.मा खर्च लेखेको रु.१५,२०,०५,२६३।– समेत जोडजम्मामा वढी खर्च हुन सक्ने सम्भावना रहेकोले कार्यालयवाट जोडजम्मा गरी एकिन गर्नु पर्ने देखिन्छ ।

२४. **स्वीकृत वेगर कार्यक्रम संचालन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ अनुसार जिल्ला परिषद्वाट स्वीकृत कार्यक्रम र वजेटको सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नु पर्नेमा जिल्ला विकास समिति को २०७२।७३ को वजेट र कार्यक्रम परिषद्वाट स्वीकृत नगरी साना सिंचाई नदी नियन्त्रण योजना अर्न्तगतका ७ कार्यक्रममा रु.९,६०,०००।– वजेट विनियोजन गरेको पाइयो ।

२५. **वढी खर्च :** जिल्ला खेलकुद विकास समिति चरिकोट लाई पांचौ राष्ट्रपति रनिङ शिल्ड विद्यालय खेलकुद प्रतियोगिता २०७२।१०।१३ देखि १६ सम्म ४ दिन संचालन भएकोमा २०७२।१०।१७ गतेको समेत दैनिक खर्च भुक्तानी भएकोले वढी दिन १ को भुक्तानी भएको रु.७,५००।– असुल गर्नुपर्दछ ।

२६. **कर कट्टा :** आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा कर कट्टी सम्बन्धी व्यवस्था छ। जस अनुसार कार्यालयले भेड्पु गा.वि.स.लाई रोयल्टी वापत रु.२,४०,०००।– भुक्तानी दिएकोमा गंगा जमूना सिंचाई योजनालाई रु.१,६०,०००।– र पोखरीया जुके सडकलाई रु.८०,०००।– खर्च लेखेकोमा अग्रिम कर वापतकट्टा गर्नु पर्ने रु.९३५।– र वहाल कर वापत रु.३९०।– र क्षेत्रपा गा.वि.स लाई शसर्त अनुदान वापत भुक्तानी दिई खर्च लेखेकोमा अग्रिम कर वापतको रकम रु.८८७।– समेत असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

२७. **खर्च लेखांकन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। तर कार्यालयले पर्वतारोहण रोयल्टी वापत रु.१,००,०००।– निकासा भएकोमा उक्त रकम खर्च नभई कोषमा जम्मा गरेको छ। तरआर्थिक विवरणमा उक्त रकम खर्च देखाई हिसाव तयार गरेको छ ।

२८. **राजश्व :** कार्यालयले आम्दानी गर्दा दोश्रो प्रति वैंक भौचर स्रेस्तासाथ संलग्न गर्नु पर्दछ । तर ७ गा.वि.स.ले दाखिला गरेको रु.६,३९,८००।– राजश्व आम्दानीको चौथो प्रति भौचर पेश हुन आएकोले दोश्रो प्रति भौचर पेश हुनु पर्दछ ।

२९. **सामाजिक सुरक्षा कर कट्टी :** आयकर ऐन, २०५८ अनुसार कट्टा गर्नुपर्ने रकम भन्दा घटी कट्टा गरेको देखिएकोले सो अनुरुप गाँउ विकास समितिको कन्टेन्जेन्सिबाट विभिन्न ८ कर्मचारीको नपुग

पारिश्रमिक कर रु.३४,२५८।– यसैगरी विभिन्न प्राविधिक कर्मचारीलाई भुक्तानी भएको फिल्ड तथा दुर्गम भत्तामा कट्टा गर्नुपर्ने १ प्रतिशत सामाजिक सुरक्षा कर रु.१४,४२२।– समेत जम्मा रु. ४८,६८०।– कट्टा गरी राजश्व दाखिला हुनु पर्दछ ।

३०. **सोधभर्ना :** एक कार्यालयको लागि विनियोजित रकम अर्को कार्यालयको प्रयोजनमा खर्च लेख्न मिल्ने देखिँदैन । तर कार्यालयले अपरतामाकोशी तथ्यांक संकलन फाराम र घरधुरी सर्भेक्षण फारम छपाई गरे वापत विभिन्न फर्महरुलाई रु.२,२२,४५०।– खर्च लेखेकोमा अपरतामाकोशीले छपाई गरी खर्च लेख्नु पर्नेमा कार्यालयवाट खर्च लेखेकोले अपरतामाकोशीवाट सोधभर्ना लिनु पर्दछ ।

३१. **कन्टिन्जेन्सी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा कन्टिन्जेन्सी खर्च सम्बन्धी व्यवस्था छ । कार्यालयलेयसवर्ष रु.६०,३२,९१२।– आम्दानी गरेकोमा रु.६२,८८,९२९।३८ खर्च गरी आम्दानी भन्दा रु.२,५६,०१७।३८ वढी खर्च गरेको छ । यस प्रकार खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

३२. **कर कट्टी :** आर्थिक ऐन, २०७२ आनुसार सामाजिक सुरक्षा कर वापत १ प्रतिशत रकम कट्टी गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयलेविभिन्न प्राविधिक कर्मचारीहरुलाई फिल्ड तथा दुर्गम भत्ता भनि रकम खर्च लेखेकोमा सामाजिक सुरक्षा कर वापत १ प्रतिशतले हुने रु. १४,४२२।३४ कट्टी नगरेको असुल गर्नुपर्दछ ।

३३. **वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर विभिन्न मितिको वैठक भत्ता भनि रु.१,१८,०००।– को मात्र भत्ता भुक्तानी भरपाई संलग्न भएकोमा रु.१,२८,०००।– खर्च लेखेकोले वढी खर्च लेखेको रु.१०,०००।– मा १५ प्रतिशत कर कट्टी रकम घटाई बाँकी रु.८,५००।– असुल हुनु पर्दछ ।

३४. **भरपाई वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर आठ कर्मचारीहरुको नाममाकन्टिन्जेन्सी शीर्षकवाट रु.१८,७००।– भत्ता खर्च लेखेकोमा निजहरुले हालसम्म वुझि लिएको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

३५. **कर दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ३ मा राजश्व दाखिला र राजश्व लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष कन्टिन्जेन्सीको रकम खर्च लेख्दा कट्टीगरेको कर रु.२९,९२८।– दाखिला भएको नदेखिएकोले सो रकम दाखिला हुनु पर्दछ ।

३६. **मौज्दात फरक :** जि.वि.स.कोषमा गत वर्षको मौज्दात रु.२१,७८,५९६।२६ मा यस वर्षको आम्दानी रु.१,९१,६२,६२२।– मध्ये प्रकोप व्यवस्थापन विशेष कोषको आम्दानी रु.१,९६,२७०।– घटाउंदा कूल रु. २,११,४४,९४८।२६ आम्दानी देखिन्छ। उक्त आम्दानीमा यस वर्षको खर्च रु.१,२५,३६,५७५।२० घटाउंदा रु.८६,०८,३७३।०६ वचत हुनु पर्नेमा वैंक नगदी किताव र प्राप्त विवरणमा रु.८५,६९,१६१।०६ मात्र वैंक बाँकी देखिएकोले फरक परेको रु.३९,२१२।– को हिसाव मिलान हुनुपर्दछ ।

३७. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था छ । तर जिल्ला विकास समितिले ठुलावगर तामाकोशी क्षेत्र, चर्नावती खोला, तामाकोशी ढोलीखोला, गोवीखोला र शहरे लगायत भिमसेन नगरपालिका समेतवाट व्यापारिक प्रयोजनको लागि ओसारपसार गरिने वालुवा, गिटी, रोडा, ग्राभेल र लोहेरि ढुंगा विक्रीको लागि गरिएको ठेक्का व्यवस्थामा वढी मूल्य सकार गर्ने एक प्रा.लि.को रु.१,०१,५०,०००।– (मूल्य अभिवृद्धि कर वाहेक)

को कवोल अंक स्वीकृत गरेको छ । निजको कर संकलनको लागि २०७२।१२।२४ मा २० प्रतिशतले हुने रु.२१,००,०००।– दाखिला गरे पश्चात निजसंग २०७२।१२।२६ मासम्झौता भएको छ । सम्झौता अनुसार बाँकी रकम रु.८०,५०,००।– मध्ये रु.८,५०,०००।– २०७३ आषाढ मसान्त भित्र दाखिला गर्नु पर्नेमा निजले उक्त रकम म्याद नघाई २०७३।४।२८ मा मात्र दाखिला गरेको छ । निजले कवुलियतीनामामा उल्लेख गरेको अवधि भन्दा ढिला दाखिला गरेको २८ दिनको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार वुझाउन बाँकी रकम रु.८,५०,०००।– को दैनिक ०.०५ प्रतिशतले हुने रु.११,९००।– असुल हुनुपर्दछ । साथै निज व्यवसायीले सम्झौता अनुसार रु.२९,५०,०००।– मात्र वुझाएकोमा उक्त रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ३,८३,५००।– वुझाएको नदेखिएकोले असुल हुनुपर्दछ ।

३८. **कर कट्टी :** आयकर ऐन, २०५८ तथा आन्तरिक राजश्व विभागले जारी गरेको २०५९।३।२० को सूचना अनुसार कर्मचारीहरुको २०५८।१२।१८ सम्म पछिको घर विदा, विरामी विदा, औषधी उपचार र उपदानमा करलाग्ने देखिंदैन । त्यसपछि प्राप्त गरेको घर विदा, विरामी विदा, औषधी उपचार र उपदान रकमको कूल जोडवाट औषधी उपचार वापत एकमुष्ट रु.१,८०,०००।– घटाई बाँकी रहेको रकममा नेपाल सरकारका कर्मचारीलाई उक्त करयोग्य आयमा उक्त रकमको आधा वा रु.५ लाख मध्ये जुन वढी हुन्छ सो रकम घटाई बाँकीमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ भने अन्य निकायका कर्मचारीलाई सो रकमको १५ प्रतिशत कर लाग्ने व्यवस्था छ । तर कार्यालयले यो वर्ष कर्मचारी कल्याणकारी कोषबाट २ कर्मचारीलाई औषधी उपचार र विदा वापत रु.३९,६५,४५३।– खर्च लेख्दा उल्लेखित ऐन नियमले तोके अनुसार हिसाव नगरी एकमुष्ट रकममा मात्र कर कट्टी गरी भुक्तानी गरेकोमा वास्तविक कर हिसाव गणना गरेको देखिएन । तसर्थ हिसाव गणना गरी लाग्ने कर असुल हुनुपर्दछ ।

३९. **कर कट्टी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को पच्छिेद ३ मा राजश्व दाखिला र राजश्व लेखा राख्नु पर्ने व्यवस्था छ ।बैंक बाँकी रहेको रु.३२,७६,९२४।– मध्ये रु.१०,७३४।– विभिन्न व्यक्ति र फर्मवाट कट्टी भएको कर रु.१०,७३४।– र गा.वि.स. सचिवको अभिमुखिकरण कार्यक्रममा लिएको पेश्की फछ्र्यौट गर्दा कट्टा गरेको रु.५,४१७– समेत जम्मा रु.१५,१५१।– दाखिला गर्नुपर्दछ ।

४०. **फिर्ता दाखिला :** जिल्लामा रहेका ४८ गा.वि.स. र २ नगरपालिकाका २१५०६ जना ५ वर्ष मुनिका वालवालिकालाई भत्ता वितरण गर्न प्राप्त भएको रु.८,६०,२४,०००।– मध्ये १८३७९ जना वालवालिकालाई रु.७,३५,१६,०००।– वितरण गरेको छ । बाँकी रकम रु.१,२५,०८,०००।– यूनिसेफ फिर्ता गर्नु पर्नेमा गरेको छैन। यस सम्बन्धमा छलफल गर्दा पुनः यूनिसेफवाट रकम प्राप्त गरी सम्बन्धित व्यक्तिलाई वितरण गर्दा हिसाव मिलान गरिने कार्यालयको भनाई रहेकोछ ।

यसैगरी २ गा.वि.स.ले. रकम वितरण गरेको भनी दावी गरेको संख्या र रकम भन्दा लेखापरीक्षणवाट देखिएको वितरण भरपाई कम भएकोले वढी दावी रु.३६,०००।– सम्बन्धित गा.वि.स.वाट फिर्ता प्राप्त हुनुपर्दछ ।

४१. **भरपाई पेश नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले दुई पदाधिकारीहरुको नाममा तथ्यांक संकलन गरे वापत रु.७,०५०।– खर्च लेखेकोमा सम्बन्धितले वुझेको भरपाई पेश नभएकोले उक्त रकम असुल हुनुपर्दछ ।

४२. **कर भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको कर भुक्तानीको

जानकारी सम्बनिधत आन्तरिक राजश्व कार्यालयलाई दिनु पर्नेमा सडक बोर्डतर्फको भुक्तानीमा सोको जानकारी दिएको देखिएन ।

४३. **रकम फिर्ता :** कार्यालयलाई सडक वोर्ड नेपालवाट मुडे–मेलुङ–सितली ग्रामिण सडक मर्मत कार्यको लागि रु.४२,१०,३१२।– वजेट निकासा भएकोमा रु.३९,६७,३५७।– खर्च भई रु.२,४२,९५५।– बाँकी रहेको रकम सडक वोर्ड नेपाललाई फिर्ता पठाएको पाइएन ।

४४. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८(२३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वजेट उपशीर्षक ३६५८०९४ वाट उपभोक्ता समतिलाई दिएको रु.३७,२५,०६७।–, वजेट उपशीर्षक ३६,५८,३१४ वाट १ कन्सर्नलाई दिएको पेश्की रु.२१,७५,०००।–, वजेट उपशीर्षक ३६५८१९३ वाट ३ कर्मचारीलाई दिएको रु.१,८९,५००।– र जि.वि.स कोषवाट एक कर्मचारीलाई दिएको रु.६००।– समेत जम्मा रु. ६०,९०,१६७।– पेश्की बाँकी रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको छैन । अतः नियम अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४५. **सामाजिक सुरक्षा तर्फ :** सामाजिक सुरक्षा वापत २०७१।७२ मा रु.२,५८,८०,४००।– पेश्की बाँकी रहेकोमा जिल्ला विकास समितिको कार्यालयको च.नं.२८८१ २०७३।१।३ को पत्रद्वारा सम्परीक्षणको लागि अनुरोध भई आएकोमा लेखापरीक्षण कार्यक्रम अनुसार छनौटमा परेका सुनखानी गा.वि.स.को रु.७,२६,६००।– र फस्कु गा.वि.स.को रु.६,५७,५००।– खर्चको स्रेस्ता परीक्षण गर्दा सुनखानीमा ४९७ जना र फस्कुमा ४५५ जनालाई रकम वितरण गरेको पाइयो । गा.वि.स. तथा न.पा. समेत ४७ वटालाई गएको पेश्की रु.२,५८,८०,४००।– सम्परीक्षण गरिएको सम्वन्धमा देखिएका व्यहोरा निम्न रहेका छन्:

४५.१. भिमेश्वर नगरपालिकामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न कृषि विकास वैंकलाई रु.२२,१७,२००।– पेश्की उपलव्ध गराइएकोमा पुरै रकम खर्च भएको देखाएको छ । वैंकवाट एकमुष्ट खर्चको विवरण पेश हुन आएन ।

४५.२. विगु गा.वि.सलाई भत्ता वितरण गर्न रु.३,२६,०००।– पेश्की दिएकोमा रु.३,११,६००।– को मात्र विल भरपाई पेश भएकोले नपुग रकम रु.१४,४००।– असुल हुनुपर्दछ ।

४५.३. लामावगर गा.वि.स.को रु.१,९४,९००।– पेश्की फछ्र्यौट भएकोमा उक्त गा.वि.स.वाट वितरण भएको भत्ता रकमको खर्चको तेरिज वनाएको पाइएन ।

४५.४. सुरी, भेड्पु, घ्याङसुकाठोकर र झ्याकु गा.वि.स.वाट भत्ता वितरण भई बाँकी रकम क्रमशः रु.६,८००।– २४८००।–, २२,४००।– र ९,६००।– समेत रु.६३,६००।– वेरुजू दाखिला भएको दोश्रो प्रति वैक भौचर पेश हुनु पर्नेमा चौथो प्रति वैंक भौचर पेश भएको छ ।

४६. **विद्युत रोयल्टी :** २०७२ साल वैशाख १२ मा गएको महाभूकम्पवाट क्षति भएको कार्यको उद्दार तथा व्यवस्थापन गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई उपलव्ध गराइएको रु.६२,००,०००।– को स्रेस्ता सम्परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न रहेकाछन्:

४६.१. २०७२ वैशाख १२ गते पश्चात महाभूकम्पवाट भएको क्षतिको उद्दार कार्यमा भएको खर्चमात्र समावेश गर्नु पर्नेमा २०७१ पौष देखि चैत्र मसान्त सम्म खरिद भएको एक आयल स्टोरको ३ वटा इन्धनका विल समावेश गरी खर्च लेखेको रु.८७,५८३।– नियम सम्मत नभएको ।

४६.२. एक आयलस्टोर प्रा.लि को २ वटा फोटोकपि विल संलग्न राखी रु.९६,२१०।– खर्च लेखी भुक्तानी भएकोछ । उक्त विलको कूल रकम रु.१,७७,९९७।– मध्ये रु.१,००,०००।– २०७२।३।३१ मा सक्कल विल समावेश गरी खर्च लेखी भुक्तानी भएकोले रु.७७,९९७।– मात्र खर्च लेख्नु पर्नेमा रु.९६,२१०।– खर्च लेखेकोले वढी खर्च लेखेको रकम रु.१८,२१३।– असुल हुनुपर्दछ ।

४६.३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले व्यवस्थापन वापत रु.१५,०००।– खर्च लेखेकोमा विल भरपाई संलग्न नभएको र गाडी भाडा वापत २ व्यक्तिलाई रु.७१,८००।– खर्च लेखेको मध्ये रु.९,०००।– वुझेको भरपाई समेत पेश नभएकोले असुल हुनुपर्दछ ।

४७. **हिसाव फरक :** वैंक नगदी किताव र वास्तविक खर्च एकै हुनु पर्नेमा स्थानीय विकास कोषलाई रु.६,५६,०००।– निकासा दिएकोमा बैक नगदी किताबमा रु.६,५७,०००।– खर्च लेखेको देखिएकोले रु.१,०००।– असुल हुनुपर्दछ ।

४८. **भुक्तानी दिन बाँकी :** गत वर्षको रकम भुक्तानी दिंदा म.ले.प.फा.नं.१८ (भुक्तानी दिन बाँकीको विवरण) प्रमाणीत गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले म.ले.प.फा.नं.१८ प्रमाणीत नगराई एक कम्प्यूटर लिंक काठमाडौंलाई मर्मत रकम रु.५,११,१६९।३९ भुक्तानी दिएको देखिएको छ ।

४९. **करकट्टा :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न पार्टी, फर्म, उपभोक्ता समितिको भुक्तानीमा रु.१,११,६५७।६५ कर कट्टी गरेको छैन ।

५०. **वढी भुक्तानी :** कार्यालय र उपभोक्ता समिति वीच भएको सम्झौता अनुसार खर्च गर्नु पर्नेमा कार्यालय र सम्बन्धित उपभोक्ता समिति विच भएको रु.१,०८,५००।– को सम्झौतामा कुल लागतको ३६.८७ प्रतिशतले हुने रु.४०,०००।– कार्यालयले व्यहोर्ने उल्लेख भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४७,१७५।- को मात्र कार्य भएकोले सोको ३६.८७ प्रतिशतले हुने रु.१७,३९३।– भुक्तानी गर्नु पर्नेमा रु.४०,०००।– नै भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.२२,६०७।–, यसैगरी कार्यालय र अर्का एक उपभोक्ता समिति वीच पोखरी निर्माण गर्न भएको सम्झौता अनुसार कूल लागत अनुमान रु.१,१४,०११।९७ को कार्यमा रु.१,१०,१६७८।– मात्र खर्च भएको आधारमा ८७.७१ प्रतिशतले हुने रु.९६,६२८।– भुक्तानी हुनु पर्नेमा रु.१,००,०००।– भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.३,३७२।– सोही वमोजिम कार्यालय र ठुलोखोला सिंचाई निर्माण उपभोक्ता समिति वीच भएको सम्झौता अनुसारको कार्यमा वढी भुक्तानी भएको रु.३,९१६।– र श्यामा स्वास्थ्य चौकी भवन निर्माण कार्यमा वढी भुक्तानी भएको रु.८,६१७।– समेत जम्मा रु.३८,५१२।– सम्बन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ ।

कार्यालयले वुस्ती–पुतलीकाठ–मिर्गे–लहरमान सडक र सैलुङ्ग रिङरोड पर्यटकिय सडकको कार्यमा रु.९,२२२।– र आयोजना व्यवस्थापन सेवा कन्टिन्जेन्सीमा कूल पूंजीगत खर्चको ४ प्रतिशत मात्र खर्च गर्न सक्ने व्यवस्था भएकोमा पूंजीगत खर्च रु.२८,३४,५०६।– को ४ प्रतिशतले हुन आउने रकम रु.१,१३,३८०।– मात्र आयोजना व्यवस्थापनमा खर्च गर्न पाउनेमा रु.१,२०,०००।– खर्च गरेको देखिएकोले रु.६,६२०।– वढी खर्च भएको समेत रु.१५,८४२।– असुल उपर हुनु पर्दछ ।

५१. **वढी दरले खरिद :** जिल्ला कृषि विकास कार्यालय, ले आर्थिक वर्ष २०७२।७३ को लागि अलैंचीको मूल्य प्रति विरुवा रु.९।– कायम गरेकोमा कार्यालयले विगु–५ का एक कृषक समूहलाईएक नर्सरीको उत्पादन केन्द्रको विलवाट ६००० अलैचि विरुवा रु.१२।– का दरले र सुनखानी–५ को

उपभोक्ता समितिवाट समेत ६,००० अलैंची विरुवा रु.१२।– का दरलेनै खरिद गरी रु.७२,०००।– भुक्तानी गरेको छ । तसर्थ कृषि कार्यालयले कायम गरेको भन्दा प्रति विरुवा रु.३।– का दरले वढी मूल्यमा भुक्तानी गरेको रु.३६,०००।– सम्बन्धित उपभोक्ता समितिसंग असुल गर्नुपर्दछ ।

५२. **जन सहभागिता वेगर खर्च :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को बुँदा नं. ३ को (६).(ग) मा कूल कार्यको कम्तीमा बीस प्रतिसत जनसहभागिता हुनु पर्ने व्यवस्था छ । जस अनुसार कार्यालयले ८० प्रतिशत भन्दा वढी खर्च लेख्न मिल्ने देखिंदैन । तर कार्यालयले खकालेश्वर महादेव मन्दिर निर्माण समिति, नाम्दु-८, गौरीशंकर मावि, विगु, मानेवारी खानेपानी आयोजना, बुलुङ-३, लोक कल्याणकारी सहकारी भवन निर्माण र वोल्ते शैलुङ्ग चिया विकास संस्था समेत ५ आयोजनामा कूल कार्यको ८० प्रतिशत भन्दा बढी खर्च लेखेको क्रमशः रु.३८,१२२।२९, रु.१,८९४।-, रु.५,५७०।२८, रु.२०,८९६।- र रु.४,४९५।- समेत रु.७०,९७७।५० असुल हुनु पर्दछ ।

५३. **प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले एक संस्थालाई महिलाहरुको उद्यमशिलता तालिम संचालन गरे बापत रु.१८,०००।- भुक्तानी गरेकोमा प्रशिक्षकको नाम, हाजिरी, योग्यता नखुल्नुको साथै पारिश्रमीक बुझिलिएको प्रमाण पेश हुन आएन ।

५४. **विल भरपाई वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ ।आन्तरिक आय राजश्व वांडफांडबाट कार्यालयले एकक्लवको आयोजनामा नेपालगञ्जको राष्ट्रिय युवा सम्मेलनमा सहभागि हुन एक सचिवलाई भुक्तानी गरिएको रु.१०,०००।- को विलभर्पाई वा संस्थागत रसिद पेश हुन आएन ।

५५. **वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । ऐश्वर्य स्टेसनरी सेन्टर, चरिकोटको रु.१,७७,४१०।- (मू.अ.कर सहित) विल रकममा रु.२,३५५।- कर कट्टा गरी रु.१,७५,०५५।- भुक्तानी गर्नुपर्नेमा रु.१,७७,४१०।- भुक्तानी गरेको पाइएकोले रु.२,३५५।– बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

५६. **फरक मौज्दात :** धरौटीको स्रेस्ता अनुसार बैंक मौज्दात रु.३६,५६,८५४।३३ रहेको तर बैंक विवरण अनुसार बैंक मौज्दात रु.३४,५०,६९०।८० रहेको पाइयो । वैंकमा घटी भएको रकम रु. २,०६,१६३।५३ फरक पर्नाको कारण स्पष्ट गरी हिसाव मिलान गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ४२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । यसै गरी जिल्ला विकास समितिको कार्यालयवाट २, नेपाल कृषि अनुसन्धान परिषद् केन्द्रिय कार्यालयवाट १ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्वाट १ कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार २५ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३२ मध्ये ८ कार्यालयको रु.४३ लाख ४० हजार वेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १. | जिल्ला पशुसेवा कार्यालय, | ३१२८०३३ | वार्षिक खरिद योजना तयार नगरेको | सैद्धान्तिक |
| | | | प्रतिस्पर्धा नगराएको | सैद्धान्तिक |
| | | | करकट्टी पूर्ण पालना नगरेको | सैद्धान्तिक |
| | | | कर विजक वेगर मू.अ.कर भुक्तानी | सैद्धान्तिक |
| | | | जिन्सीको स्पेसिफिकेशन नखुलाएको | सैद्धान्तिक |
| | | | औषधी वितरणको भरपाई नभएको | सैद्धान्तिक |
| | | | एफ.एम.को प्रशारण सूची तयार नगरेको | सैद्धान्तिक |
| | | | कार्यालयवाट गर्नु पर्ने कार्य परामर्श सेवावाट गरेको | सैद्धान्तिक |
| | | | प्याक्ट आयोजनाको स्रेस्ता पेश नभएको | सैद्धान्तिक |
| २. | घरेलु तथा साना उद्योग विकास समिति | ३०७११२३ | कर कट्टी पूर्ण पालना नगरेको | सैद्धान्तिक |
| | | | कर विजक वेगर मू.अ.कर भुक्तानी | सैद्धान्तिक |
| ३. | जिल्ला प्रशासन कार्यालय | कार्य संचालनकोष | भरपाई वेगरको खर्च | १५००००.०० |
| | | | वास्तविक वितरण भन्दा वढी खर्च | ६००००.०० |
| | | | भरपाई वेगरको खर्च | ८००००.०० |
| | | | भरपाईमा उल्लेख गरे भन्दा वढी संख्या देखाई पे.फ गरेको | २००००.०० |
| | | | हिसाव फरक परेको | १००००.०० |
| | | | भरपाई वेगरको खर्च | १००००.०० |
| | | | भरपाई वेगरको खर्च | ४००००.०० |
| | | | वास्तविक संख्या भन्दा वढी खर्च र भरपाई वेगरको खर्च | ४००००.०० |
| | | | भरपाई वेगरको खर्च | ७००००.०० |
| | | | भरपाई वेगरको खर्च | ७८००००.०० |
| | | | भरपाई वेगरको खर्च | ४००००.०० |
| | | | भरपाई वेगरको खर्च | ३००००.०० |
| ४. | डिभिजन सहकारी कार्यालय | ३५२१३४३ | पेश्की बाँकी | २०००००.०० |
| ५. | दुर्गम क्षेत्र विकास समिति | ३६५८१६४ | पेश्की बाँकी | ११५००००.०० |
| ६. | जिल्ला वन कार्यालय | ३२९१०९४ | पेश्की बांकी | ४६४०००.०० |
| | | ३२९१०६४ | पेश्की बांकी | ११९६०००.०० |
| ७. | पहाडी वाली अनुसन्धान कार्यक्रम | | दर विश्लेषण समावेश नभएको | सैद्धान्तिक |
| | | | निर्माण कार्यको विमा नगरेको | सैद्धान्तिक |
| | | | जमानतको अवधी घटी भएको | सैद्धान्तिक |
| | | | तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको | सैद्धान्तिक |
| | | | लगत इष्टिमेट संलग्न नभएको | सैद्धान्तिक |
| | | | निर्माण कार्यको प्रारम्भ र कार्य सम्पन्न मिति उल्लेख नभएको | सैद्धान्तिक |
| | | | आम्दानी रकम समयमा दाखिला भएको नदेखिएको | सैद्धान्तिक |
| ८ | जिल्ला आयोजना कार्यान्वयन इकाई | | कन्टिन्जेन्सी रकम वढी खर्च | सैद्धान्तिक |
| | | | **जम्मा** | **४३,४०,०००.००** |

**(सुवर्णप्रसाद ढकाल)**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधि: विस्तृत

(रु.हजारमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | ८६९५१ | १७ | ८६१५ | ० | ९५५८३ |
| २. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, | ५१०३२ | १३ | १६११ | ० | ५२६५६ |
| ३. | सिंचाई विकास डिभिजन, | १०२६९० | २११ | ९७१६ | ० | ११२६१७ |
| ४. | डिभिजन सडक कार्यालय, | ४५५०७८ | ६९०५ | ५७७८० | १६८८२१ | ६८८५८४ |
| ५. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.७, | १९०७९३ | ४१४ | ७०८६ | ० | १९८२९३ |
| ६. | जिल्ला कृषि विकास कार्यालय, | ४९१८९ | ४६० | २९१ | ६५८ | ५०५९८ |
| ७. | जिल्ला शिक्षा कार्यालय, | ७३३५३५ | ७७०० | ५४९ | २५८५२ | ७६७६३६ |
| ८. | जिरी प्राविधिक शिक्षालय जिरी, | ० | ० | ० | ९०६६० | ९०६६० |
| ९. | जिल्ला स्वास्थ्य कार्यालय, | १५३१८२ | ८६४ | ४४६ | ११३२६ | १६५८१८ |
| १०. | मालपोत कार्यालय, | ७०७१ | ६०३४ | १४११ | ३४१५५ | ४८६७१ |
| ११. | पशु विकास फार्म, जिरी | २७३६८ | ४२६६ | १६२६ | ० | ३३२६० |
| १२. | स्थानीय विकास कोषको सचिवालय, | ० | ० | ० | १०४२५ | १०४२५ |
| १३. | जिल्ला विकास समितिको कार्यालय, | ० | ० | ० | १०७९००४ | १०७९००४ |
| १४. | राष्ट्रिय पुनर्निमाण प्राधिकरण उप क्षेत्रिय कार्यालय, | ५०७० | ० | ० | ० | ५०७० |
| | | १८६१९५९ | २६८८४ | ८९१३१ | १४२०९०१ | ३३९८८७५ |

## लेखापरीक्षण विधि: आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु.हजारमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला पशुसेवा कार्यालय, | ३८२२७ | १६७ | ४२ | ८५२ | ३९२८८ |
| २. | जिल्ला भू संरक्षण कार्यालय, | २६५३० | ० | ० | १८९ | २६७१९ |
| ३. | घरेलु तथा साना उद्योग विकास समिति | १०२७० | २८०३ | ६४ | १५०६ | १४६४३ |
| ४. | लामावगर भन्सार कार्यालय | २०६६ | ० | ० | ० | २०६६ |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ७४८५ | ९२३७१ | १४८ | ५३ | १०००५७ |
| ६. | जिल्लाप्रशासन कार्यालय, | १७९२७ | २४५६ | १४०३ | १३११ | २३०९७ |
| ७. | जिल्ला सरकारी वकिल कार्यालय | ३२३९ | ० | ० | ० | ३२३९ |
| ८. | जिरी अस्पताल जिरी | २५६२६ | २९ | १०७ | ० | २५७६२ |
| ९. | इलाका प्रहरी कार्यालय, सिंगटी | २१०२६ | ० | ० | ० | २१०२६ |
| १०. | इलाका प्रहरी कार्यालय जिरी | १७०७१ | ० | ० | ० | १७०७१ |
| ११. | इलाका प्रशासन कार्यालय, सिंगाटी | १०६६ | ० | ० | ० | १०६६ |
| १२. | सिमा प्रशासन कार्यालय | २३६९ | ० | ० | ० | २३६९ |
| १३. | जिल्ला प्रहरी कार्यालय | ९६५६४ | २६ | ११७१ | २७६५ | १००५२६ |

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १४. | रणभिम गण | २४२१५२ | १५३ | ३४०९ | ० | २४५७१४ |
| १५. | जिल्ला प्राविधिक कार्यालय | ६७३३ | ४५१ | २५७५ | ० | ९७५९ |
| १६. | महिला तथा वालवालिका कार्यालय | २२१०९ | १ | ५०९ | १९९९ | २४६१८ |
| १७. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३४७४ | ० | ० | ० | ३४७४ |
| १८. | जिल्ला निर्वाचन कार्यालय | ३७७८ | १६ | ० | ० | ३७९४ |
| १९. | कारागार कार्यालय | ४३२८ | ० | ४५ | ० | ४३७३ |
| २०. | नापी कार्यालय | ११५९४ | ९४६ | ७५ | १८१ | १२७९६ |
| २१. | जिल्ला अदालत दोलखा | १५८६० | २२८१ | ९४३१ | ० | २७५७२ |
| २२. | शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र वोच | ११८०८ | १२१२ | १०८ | ० | १३१२८ |
| २३. | आयुर्वेद स्वास्थ्य केन्द्र | ५३८५ | ० | २५ | ० | ५४१० |
| २४. | जिल्ला हुलाक कार्यालय | २४१०१ | १०३६ | २१ | २१८ | २५३७६ |
| २५. | दोलखा सिंगाटी सडक योजना | २१५ | ० | ० | ० | २१५ |
| २६. | ग्रामिण पुनर्निमाण तथा पुर्नस्थापना आयोजना | १२८२ | ० | १११४५ | ० | १२४२७ |
| २७. | जिल्ला आयोजना कार्यान्वयन इकाई | १२३७२ | ११३ | १७२ | ० | १२६५७ |
| २८. | भूकम्प आपतकालिन सहायता आयोजना | १७८९ | ० | ० | ० | १७८९ |
| २९. | डिभिजन सहकारी कार्यालय | ५४९० | २९९ | ० | ० | ५७८९ |
| ३०. | दुर्गम क्षेत्र विकास समिति | २२०७ | १ | ८७ | ० | २२९५ |
| ३१. | जिल्ला वन कार्यालय | ३६६१२ | १५९ | १०५६ | ० | ३७८२७ |
| ३२. | पहाडी वाली अनुसन्धान कार्यक्रम | ४२८८२ | १११९ | १७२३ | ० | ४५७२४ |
| | **जम्मा** | **७२३६३७** | **१०५६३९** | **३३३१६** | **९०७४** | **८७१६६६** |
| | **कूल जम्मा** | **२५८५५९६** | **१३२५२३** | **१२२४४७** | **१४२९९७५** | **४२७०५४१** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | १८ | ३२३५ | ५ | ८ | १३ | ० | ३२२७ | ० | ३२२७ | ० | ८ | ८ |
| २ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, | १२ | ७३५६ | २ | ३६४ | १० | १७४ | १५३ | ६६६५ | ६९९२ | ० | १४ | १४ |
| ३ | सिंचाई विकास डिभिजन, | १३ | ११०९७ | २ | ४१ | ११ | ० | १०३६ | १००२० | ११०५६ | ० | ५ | ५ |
| ४ | डिभिजन सडक कार्यालय, | २२ | ११९६०९ | ६ | ० | १६ | ९३ | २५३६६ | ९४१५० | ११९६०९ | ० | ० | ० |
| ५ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.७, | १३ | ८८०० | ५ | ० | ८ | ० | ० | ८८०० | ८८०० | २९ | ० | २९ |
| ६ | जिल्ला कृषि विकास कार्यालय, | ३५ | २२६ | १३ | ० | २२ | ११५ | १११ | ० | २२६ | ० | ० | ० |
| ७ | जिल्ला शिक्षा कार्यालय, | १७ | ४०२५५ | ३ | ० | १४ | १०७३ | ३९१८२ | ० | ४०२५५ | ५१७ | ० | ५१७ |
| ८ | जिरी प्राविधिक शिक्षालय जिरी, | १३ | १२२९२ | ३ | ० | १० | ७०८ | ११५८४ | ० | १२२९२ | ० | ० | ० |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय, | ३२ | ३७९९ | ३ | ० | २९ | २१७ | ३०८२ | ५०० | ३७९९ | ५३ | ० | ५३ |
| १० | मालपोत कार्यालय, | ५ | सैद्धान्तिक | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | पशु विकास फार्म, जिरी | ७ | १०६९ | ० | ० | ७ | ० | ० | १०६९ | १०६९ | १३ | ० | १३ |
| १२ | स्थानीय विकास कोषको सचिवालय, | ६ | २२१ | १ | ० | ५ | ० | २२१ | ० | २२१ | ० | ० | ० |
| १३ | जिल्ला विकास समितिको कार्यालय, | ८१ | १९५९० | २५ | ३०९० | ५६ | ३९२६ | ९३८४ | ३१९० | १६५०० | ११७ | ० | ११७ |
| १४ | जिल्ला पशुसेवा कार्यालय | ९ | सैद्धान्तिक | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | |
| १५ | घरेलु तथा साना उद्योग विकास समिति | २ | सैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | |
| १६ | जिल्ला प्रशासन कार्यालय | १२ | १३३० | ० | ० | १२ | १३३० | ० | ० | १३३० | ० | ० | |
| १७ | डिभिजन सहकारी कार्यालय | १ | २०० | ० | ० | १ | ० | ० | २०० | २०० | ० | ० | |
| १८ | दुर्गम क्षेत्र विकास समिति | १ | ११५० | ० | ० | १ | ० | ० | ११५० | ११५० | ० | ० | |
| १९ | जिल्ला वन कार्यालय | २ | १६६० | ० | ० | २ | ० | ० | १६६० | १६६० | ० | ० | |
| २० | पहाडीवाली अनुसन्धान कार्यक्रम | ७ | सैद्धान्तिक | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | |
| २१ | जिल्ला आयोजना कार्यान्वयन इकाई | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | |
| | | ३०८ | २३१८८९ | ६८ | ३५०३ | २४० | ७६३६ | ९३३४६ | १२७४०४ | २२८३८६ | ७२९ | २७ | ७५६ |

**द्रष्टव्य** :
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| क्र. स | व्ययशिर्षक | गत वर्षको जिम्मेवारी | यस वर्षको आय | जम्मा | यस वर्षको खर्च | वाँकी मौज्दात | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | स्रेस्ता अनुसार | वैंक अनुसार |
| १. | आन्तरिक आय र राजश्व बाँडफाँड (कोष) | २१७९ | १८९१८ | २१०९७ | १२५३७ | ८५६० | ८५६९ |
| २. | उर्जा विकास कोष | १६१९४ | १०० | १६२९४ | ६२४९ | १००४५ | ९९६५ |
| ३. | सडक बोर्ड | २३६ | ३९७४ | ४२१० | ३८३१ | ३७९ | ३७९४ |
| ४. | जिविस कन्टिन्जेन्सी | ५०२ | ६०३३ | ६५३५ | ६३८७ | १४६ | ३६६ |
| ५. | गाविस कन्टिन्जेन्सी | ३२० | २५०८ | २८२८ | २८१५ | १३७ | ५० |
| ६. | यूनिसेफ | ३०९३ | ९१६९६ | ९४७८९ | ९१५२३ | ३२६६ | ३२७७ |
| ७. | स्थानीय शासन तथा सामुदायिक विकास केन्द्र | ० | ५३१ | ५३०५ | ५३०५ | ० | ० |
| ८. | प्रकोप व्यवस्थापन विशेष कोष | ६९३ | १० | ७०३ | ३८ | ६६५ | ६६५ |
| ९. | मानव संसाधन विशेष कोष | ११० | १० | १२० | ० | १२० | १२० |
| १०. | मर्मत संभार विशेष कोष | १८०९ | १० | १८१९ | ० | १८१९ | १८१९ |
| ११. | स्थानीय विकास विशेष कोष | २२० | १० | २३० | ० | २३० | २३० |
| १२. | वातावरणिय व्यवस्थापन विशेष कोष | १७० | १० | १८० | ० | १८० | १८० |
| १३. | गरीवि निवारण तथा सामाजिक परिचालन विशेष कोष | १७० | १० | १८० | ० | १८० | १८० |
| १४. | महिला तथा वाल विकास विशेष कोष | १७० | १० | १८० | ० | १८० | १८० |
| १५. | कर्मचारी कल्याण कोष | १०४०६ | २२७६ | १२६८२ | ३९८२ | ८७०० | ८७०० |
| १६. | धरौटी | ३७२२ | १९७२ | ५६९४ | २०३७ | ३६५७ | ३६५७ |
| | **जम्मा:** | **३९९९५** | **१३२८५३** | **१७२८४७** | **१३४७०६** | **३८१४२** | **३८३३६** |
| | **नेपाल सरकारको अनुदान निकासा** | - | ७०९१२०८ | ७०९१२०८ | ७०९१२०८ | - | - |
| | **कुल जम्मा** | **३९९९५** | **७२२४०६१** | **७२६४०५५** | **७२२५९१४** | **३८१४२** | **३८३३६** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | श्री विद्यानाथ भट्टराई | श्री भोज वहादुर कार्की |
| २. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.७, | श्री नारायण प्र.सुवेदी | श्री रविन गुरागाई |
| ३. | जिरी प्राविधिक शिक्षालय जिरी, | श्री विष्णुहरी अधिकारी | श्री मिन वहादुर वस्नेत |
| ४. | जिल्ला स्वास्थ्य कार्यालय, | डा श्री राजेन्द्र प्रसाद साह | श्री कुमार पोखरेल |
| ५. | जिल्ला विकास समितिको कार्यालय, | श्री विष्णु प्रसाद शर्मा | श्री पुष्प वहादुर वस्नेत |
| ६. | जिल्ला कृषि विकास कार्यालय, | श्री वौआलाल चौधरी | श्री रविन कार्की |
| ७. | जिल्ला शिक्षा कार्यालय, | श्री लोक वहादुर लोप्चन | श्री भिमसेन मास्के |
| ८. | स्थानीय विकास कोषको सचिवालय, | श्री विष्णु प्रसाद शर्मा | श्री गोविन्द वुढाथोकी |
| ९. | डिभिजन सडक कार्यालय, | श्री अशोक तिवारी | श्री प्रदिपराज खरेल |
| १०. | सिंचाई विकास डिभिजन, | श्री कृष्ण प्रसाद रिजाल | श्री सुरेन्द्र देशार |
| ११. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, | श्री एकराज अधिकारी | श्री रविन कार्की |
| १२. | मालपोत कार्यालय, | श्री दिपेन्द्र काफ्ले | श्री झलनाथ कोईराला |
| १३. | पशु विकास फार्म, जिरी | श्री गण वहादुर जिरेल | श्री गणेश कुमार गुर्मछान |
| १४. | जिल्ला पशुसेवा कार्यालय | डा तेज वहादुर रिजाल | श्री नविन के.सी |
| १५. | घरेलु तथा साना उद्योग विकास समिति | श्री मणिराम नेपाल | श्री भगवान झा |
| १६. | जिल्ला प्रशासन कार्यालय | श्री पुष्पराज शाही | श्री अच्यूत के.सी |
| १७. | डिभिजन सहकारी कार्यालय | श्री नरहरी पोखरेल | श्रीराजन कुमार शिवाकाटी |
| १८. | दुर्गम क्षेत्र विकास समिति | श्री विष्णु प्रसाद शर्मा | श्री मुक्तिनाथ खनाल |
| १९. | जिल्ला वन कार्यालय | श्री विष्णु प्रसाद भण्डारी | श्री रामकृष्ण वस्नेत |
| २०. | पहाडीवाली अनुसन्धान कार्यक्रम | श्री नारायण वहादुर धामी | श्री राजेन्द्र सिलवाल |
| २१. | जिल्ला आयोजना कार्यान्वयन इकाई | श्री एकराज अधिकारी | श्री रविन कार्की |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np